# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १२६ | काठमाडौं | सोमबार, १० भदौ २०८१ | Prabhab National Daily | Monday, August 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# तीन गुणा बढ्यो विद्युत् खपत



- आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत छ अर्ब ५१ करोड युनिट वृद्धि
- १३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा ४०० युनिट पुगेको तथ्यांक
- निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको प्राधिकरणको भनाइ

**काठमाडौं–** मुलुकबाट विद्युत्भार कटौती अन्त्य भई नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ । आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत छ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो । आठ वर्षअघि विद्युत् खपत वृद्धिदर नै ऋणात्मक थियो ।

गत आवमा सबैभन्दा बढी ग्राहस्र्थ्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ । बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन् । आठ वर्षअघि १३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा ४०० युनिट पुगेको छ ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युत्भार कटौती थियो । हिउँदमा दैनिक १४ घण्टासम्म विद्युत्भार कटौती गर्नुपर्ने प्रक्षेपण थियो । वि.सं. २०७३ को कात्तिकदेखि काठमाडौं उपत्यकाहुँदै क्रमिकरूपमा देशका प्रमुख सहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युत्भार कटौती अन्त्य गरिएको थियो । सरकारले २०७५ वैशाखदेखि सिंगो मुलुक विद्युत्भार कटौतीमुक्त घोषणा गरेको थियो ।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् पुगेको थियो । अहिले ९९ प्रतिशतमा विद्युत् पुगेको छ । विद्युत्को पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय 'ग्रिड'बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत्, सौर्य ऊर्जालगायतबाट विद्युत् उपभोग गरिरहेका छन् । आठ वर्षअघि विद्युत्का ग्राहक करिब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्भार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको बताए । 'ठूला तथा साना उद्योगलाई निरन्तर विद्युत् आपूर्ति भइरहेको छ, यस अवधिमा उद्योगको धैरे 'लोड' स्वीकृत गरिएको छ, खाना पकाउनेलगायत घरायसी प्रयोजनमा विद्युतीय उपकरणको प्रयोग बढेको छ, निजी तथा सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनको प्रयोग बढिरहेको छ, विद्युतीकरण व्यापकरूपमा गरिएको छ जसका कारण आन्तरिकरूपमा विद्युत्को खपत बढिरहेको छ,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

**डेडिकेटेड–ट्रंकलाइन महसुल विवाद**

# संसद्को लेखा समितिमै चर्काचर्की

प्राधिकरण जनताको पैसाबाट बनेको हो । कसैको भक्तिगान गाउन आवश्यक छैन । जे छ तथ्य, त्यही सत्य हो । प्राधिकरणका नेतृत्व वा उद्योगी कसैलाई जोगाउनु पर्दैन ।

**■ गोकुलप्रसाद बाँस्कोटा**
**सांसद, नेकपा एमाले**

नाफामा गएको एउटै सार्वजनिक संस्था भए त्यो विद्युत् प्राधिकरण हो । अन्य सबै संस्था घाटामा छन् । ती संस्थाहरूको नेतृत्वमाथि प्रश्नसमेत गरिँदैन । बक्यौता उठाऔं भन्ने एमडीलाई कारबाही गर्न खोजेको ?

**■ लेखनाथ दाहाल**
**सांसद, माओवादी केन्द्र**

मिनेन्द्र रिजाल नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनलाई अघि बढाऔं, यही प्रतिवेदनले गरेको सिफारिसअनुसार अघि बढ्दा समस्याको समाधान निस्किन्छ ।

**■ राजन केसी**
**सांसद, नेपाली कांग्रेस**



आइतबार सिंहदरबारमा बसेको सार्वजनिक लेखा समितिको बैठक । *तस्बिरः रासस*

**■ जेबी योञ्जन**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङविरुद्ध प्रधानमन्त्री केपी शर्मा ओली र उनको दल नेकपा एमालेका सांसदहरू झनै कठोर बनेका छन् । डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल विवाद पेचिलो बन्दै जाँदा जसरी भए पनि कुलमानलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको फन्दामा पार्न ओली र उनको दलका सांसदहरू सक्दो कसरत गरिरहेका छन् ।

१८ घण्टा लामो लोडसेडिङ अन्त्य गर्दै 'उज्यालो नेपाल' बनाउन नेतृत्वदायी भूमिका निर्वाह गरेको भनेर जनस्तरबाट भने कुलमान उज्यालोको प्रतीकका रूपमा परिचित छन् । सोही कारण जनस्तरबाट एकप्रकारले प्रतिवादसमेत भइरहँदा प्रधानमन्त्री ओली र एमाले जुनसुकै हालतमा कुलमानलाई 'ठेगान' लगाउनेगरी अघि बढेको देखिन्छ ।

आइतबार संसद्को सार्वजनिक लेखा समितिको बैठकमा एमाले सांसद तथा सभापति ऋषिकेश पोखरेलको संकेतपछि सोही दलका सांसद योगेशकुमार भट्टराईले कुलमानलाई अख्तियार लगाउनेगरी प्रस्ताव पेस गरे । उनले कुलमानलाई कारबाही गर्नेसहितका चारबुँदे प्रस्ताव अघि सारे ।

पहिलो, अघिल्लो लेखा समितिको निर्देशनको आधारमा, महालेखाले भनेको २१.८८ अर्ब उठाउने । दोस्रो, बक्यौता नउठाउने प्राधिकरणका कार्यकारी निर्देशकलाई कारबाही गर्न अख्तियारको निर्देशन कार्यान्वयन नभएकोबारे प्रमुख आयुक्तलाई बोलाएर सोध्ने र कार्यकारी निर्देशकलाई कारबाही गर्ने । तेस्रो, बक्यौता छुट दिनेगरी २०८१ वैशाख २७ गतेको निर्णय गर्ने तत्कालीन प्रधानमन्त्री (पुष्पकमल दाहाल) र ऊर्जामन्त्री (शक्ति बस्नेत)लाई स्पष्टीकरण सोध्ने । चौथो, यसअघि सार्वजनिक लेखा समितिले गरेको निर्णय कार्यान्वयनबारे सम्बन्धित निकायलाई लेखी पठाउने ।

अर्का, एमाले सांसद गोकुलप्रसाद बाँस्कोटाले कुलमानको भक्तिगान गाउन आवश्यक नभएको भन्दै उनलाई कारबाही गर्नैपर्ने बताए ।

(क्रमशः पृष्ठ २ मा)

## प्रधानमन्त्रीको प्रश्न– १६ अर्ब छुट किन दिइयो ?

प्रधानमन्त्री केपी शर्मा ओलीले डेडिकेटेड फिडर र ट्रंकलाइन महसुलमा कसैलाई एक रूपैयाँ छुट दिन नहुने बताएका छन् । उनले उद्योग बन्द नगरी, रोजगारी र उत्पादनमा असर नपुऱ्याइ उद्योगहरूबाट बक्यौता उठाउनैपर्ने बताए । आइतबार राति सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै ओलीले नौ वर्षसम्म २२ अर्ब रूपैयाँ किन उठाइएन भन्ने कुराको पनि जवाफ खोजिनुपर्ने बताए ।

केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा डेडिकेटेड फिडर र ट्रंकलाइनका उपभोक्ताबाट सरकारले महसुल उठाउन खोजिरहेको छैन भन्ने प्रश्न बारम्बार आइरहेको उल्लेख गर्दै ओलीले सरकारको कुरा नौ वर्षसम्म किन २१ अर्ब ८८ करोड महसुल उठाइएन र किन १६ अर्ब छुट दिइयो भन्ने मात्रै रहेको बताए ।

**सन्दर्भः वैदेशिक रोजगार**

# अभिमुखीकरण तालिम संघमा कार्की

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूको संगठन राष्ट्रिय अभिमुखीकरण तालिम संघको अध्यक्षमा विष्णु कार्की चयन भएका छन् । संघको शनिबार सम्पन्न प्रथम वार्षिक साधारणसभाबाट कार्कीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

छ महिनाअघि तदर्थ समिति बनाएर स्थापना गरिएको संघले साधारणसभामार्फत आधिकारिक कार्यसमिति पाएको छ । नवनिर्वाचित अध्यक्ष कार्कीले अभिमुखीकरण तालिमलाई सरकारसँग समन्वय गर्दै नयाँ शिराबाट सञ्चालन गर्ने योजना रहेको बताए । साधारणसभाले यसको कार्यभार नयाँ कार्यसमितिलाई दिएको उनको भनाइ छ । संघमा ६२ वटा अभिमुखीकरण तालिम दिने संस्था आबद्ध रहेको अध्यक्ष कार्कीले जानकारी दिए ।



साधारणसभामा वैदेशिक रोजगार बोर्डका सदस्य विष्णुगोपाल गड्तौला, पूर्वबोर्ड सदस्य तथा अभिमुखीकरण तालिम महासंघकी संस्थापक तथा संरक्षक सीता देवकोटा, संरक्षक सरोज मैनालीलगायतले संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई दिए । उनीहरूले 'सिन्डिकेट'मा नलागी सदैव गरिब तथा निमुखा कामदारलाई मुख्य प्राथमिकतामा राखेर व्यावसाय सञ्चालन गर्न सबै व्यवसायी एकजुट हुनुपर्नेमा जोड दिए ।

नयाँ कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष मनोजकुमार चौधरी, द्वितीय उपाध्यक्ष प्रकाश कार्की, तृतीय उपाध्यक्ष छत्र खड्का चुनिएका छन् । महासचिवमा जयप्रकाश यादव, सचिव समीक्षा पाण्डे र कोषध्यक्षमा दण्डबहादुर आले चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा अर्जुन न्यौपाने, कृष्ण कार्की, विनिता भण्डारी, सुरेन्द्र झा, नवीन सिंह र उषा मल्ल समेटिएका छन् ।

### नवनिर्वाचित अध्यक्ष कार्कीको प्रतिबद्धता

नवनिर्वाचित अध्यक्ष कार्कीले संस्थाको विधानअनुसार समयमै साधारणसभा र नयाँ कार्यसमिति चयन गरेर सकारात्मक सन्देश दिन सफल भएको बताए । 'व्यवसायीहरूमा भएको नैराश्यता हटाउँदै आत्मसम्मान र पारदर्शी तवरले व्यवसायलाई बढाउनकै लागि संघको स्थापना भएको हो,' उनले भने, 'व्यवसायमा स्वच्छता र पारदर्शिता आवश्यक छ । यसमा हामीले पहिलेदेखि नै श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, बोर्डलगायतका निकायहरूको ध्यानाकर्षण पनि गराउँदै आएका छौं ।'

मन्त्रालयले बनाएका विभिन्न समितिहरूमा व्यवसाय र श्रमिकको हितमा हुने थुप्रै प्रस्ताव पेस गरिएको उनले बताए । अभिमुखीकरण तालिम अनिवार्य लिनैपर्ने अवस्था सिर्जना गर्न, प्रविधिमैत्री बनाउन, व्यावहारिक एवं सीपमूलक शिक्षा भएको पाठ्यक्रम निर्माण गराउन, प्रणालीगत सुधार र नीतिगत सुधारमासमेत संघले पहल गर्ने अध्यक्ष कार्कीले प्रतिबद्धता जनाए ।

'बिचौलिया निस्तेज पार्न प्रणालीगत सुधार आवश्यक छ । यसमा हामी र हाम्रो संघ निरन्तर लागिरहने प्रण गर्दछौं,' उनले भने । व्यावसायिक सिण्डिकेट अन्त्य गर्न र पछिल्लो समयमा कारबाहीमा परेका तालिमप्रदायक संस्थाहरूको निलम्बन फुकुवा गरी काम गर्न दिने वातावरण निर्माण गरिदिन सरोकारवाला निकायसँग अध्यक्ष कार्कीले माग गरे ।

# खारेजी प्रक्रियामा रहेका म्यानपावरलाई नवीकरणको अवसर

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले वार्षिकरूपमा न्यूनतम १०० जना कामदार रोजगारीका लागि विदेश पठाउन नसकेका म्यानपावर कम्पनीहरूको नवीकरण खुला गरेको छ । सरकारले लगातार दुई वर्षसम्म पनि १०० कामदार पठाउन नसकेका म्यानपावर कम्पनीलाई बाधा अड्काउ फुकाउमार्फत नवीकरण गर्न दिने निर्णय गरेसँगै विभागले शुक्रबार नवीकरणका लागि सूचना जारी गरेको हो ।

विभागले नवीकरण गर्न इच्छुक म्यानपावर कम्पनीहरूले नियमानुसार नवीकरण दस्तुर र विलम्ब दस्तुरसहित आवेदन दिन सक्ने जनाएको छ । यसअघि नै नवीकरणका लागि आवेदन दिएका म्यानपावरहरूको हकमा आवश्यक अनुगमनपश्चात्मात्रै नवीकरण प्रक्रिया अघि बढाइने सूचनामा उल्लेख गरिएको छ ।

गत साउन ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले २०७९/८० र २०८०/८१ मा वार्षिक न्यूनतम १०० जना नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका ३१७ वटा म्यानपावर कम्पनीको आर्थिक वर्ष २०८१/८२ का लागि नवीकरण गर्न आएमा बाधा अड्काउ फुकाउ आदेशमार्फत अन्तिमपटकका लागि नवीकरण गरिदिने निर्णय गरेको थियो । यसरी सरकारले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा भएको व्यवस्था बमोजिम तोकिएको संख्यामा कामदार पठाउन नसकेर खारेजीमा जाने म्यानपावरलाई चौथोपटक नवीकरणको मौका दिएर जोगाएको छ ।

२०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण बिष्टको पालामा साना म्यानपावर कम्पनीले सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्था रहेकाले ठगी बढेको निष्कर्षसहित ऐन संशोधन गरेर लगातार दुई वर्षसम्म वार्षिक कम्तीमा १०० जना कामदार पठाउन नसक्ने म्यानपावरको इजाजतपत्र खारेज हुने व्यवस्था गरिएको थियो ।




## पृष्ठ १ बाट क्रमशः

### संसद्को ...

'प्राधिकरण जनताको पैसाबाट बनेको हो । कसैको भक्तिगान गाउन आवश्यक छैन । जे छ तथ्य, त्यही सत्य हो । प्राधिकरणका नेतृत्व वा उद्योगी कसैलाई जोगाउनु पर्दैन,' उनले भने ।

एमाले सांसदहरू भट्टराई, बाँस्कोटासँगै बासुदेव घिमिरे, अच्युत मैनालीलगायतले पनि कुलमानलाई कारबाही गर्नुपर्ने मत बैठकमा राखे । उनीहरू कुलमानविरुद्ध निकै चर्का सुनिए ।

तर, बैठकमा प्रमुख सत्ताघटक दल नेपाली कांग्रेस, प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, अन्य प्रतिपक्षी दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादीसहितका दलका सांसदहरू कुलमानलाई कारबाही गर्नुपर्ने प्रस्तावको विपक्षमा देखिए ।

माओवादी सांसद लेखनाथ दाहालले नाफामा रहेको सार्वजनिक संस्थाको नेतृत्वमाथि एमालेबाट आक्रमण गर्ने र हुर्मत लिने प्रयास भएको भन्दै आक्रोश पोखे । अन्य घाटामा रहेको संस्थाको नेतृत्वमाथि प्रश्नसमेत नउठाउने तर नाफामा रहेको एकमात्र सार्वजनिक संस्था विद्युत् प्राधिकरणका नेतृत्व कुलमानमाथि बारम्बार प्रहार गर्नुलाई असंवैधानिक र अव्यावहारिक भएको टिप्पणी गरे । उनले बक्यौता उठाउने एमडी (कार्यकारी निर्देशक) लाई कारबाही गर्न खोजेको हो ? भन्दै उनले सभापति ऋषिकेश पोखरेललाई प्रश्न गरे ।

'नाफामा गएको एउटै सार्वजनिक संस्था भए त्यो विद्युत् प्राधिकरण हो । अन्य सबै संस्था घाटामा छन् । ती संस्थाहरूको नेतृत्वमाथि प्रश्नसमेत गरिँदैन,' उनले बैठकमा भने, 'अनि, नाफामा गएको र बक्यौता उठाऔं भन्ने एमडीलाई कारबाही गर्न खोजेको ?'

अर्को प्रतिपक्षी दल रास्वपाका सांसद मनिष झाले पनि कुलमानलाई अख्तियार पुऱ्याउने र कारबाही गर्ने एमाले सांसद भट्टराईको प्रस्तावलाई सीधै अस्वीकार गरे । उनले अघिल्लो संसद्को लेखा समितिको रिपोर्टलाई स्वीकारेर अघि बढ्नुपर्नेसमेत सुझाए ।

'अघिल्लो समितिले गरेको निर्णय नमान्ने र फेरि नयाँ बहस गर्ने हो भने अघिल्लो समितिको रिपोर्ट कसरी नकार्न सक्छौ ?,' उनले बैठकमा एमालेलक्षित प्रश्न गरे, 'हामीले गरेको निर्णय भोलि अर्को समिति आएर उल्टयाउन थाल्यो भने के गर्ने ? हामीले गर्ने निर्णय अरुले मान्लान् भन्ने के ग्यारेन्टी ?'

नेपाल एयरलाइन्स मासिक करोडौं घाटामा रहेको र उक्त संस्था र संस्थाको नेतृत्वबारे प्रश्न नउठाइ नाफामा गएको संस्थाको नेतृत्वमाथि राजनीतिक प्रतिशोध साँधेर प्रश्न गर्नु गलत भएको बताए । उनले डेडिकेटेट फिडर र ट्रंकलाइन महसुलमा रास्वपाबाहेक अरु दल जिम्मेवारी रहेको बताए । उनले महसुल विवादमा कुलमानसँगै प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक मुकेश काफ्ले र हितेन्द्रदेव शाक्य पनि जिम्मेवार रहेको बताए ।

बैठकमा सत्तारुढ दल कांग्रेस सांसदहरू एमालेका सांसदहरू जसरी कुलमानविरुद्ध कठोर भएनन् । बरु, उनीहरूले विवाद समाधानका विकल्पहरू सुझाए । कांग्रेस सांसद राजन केसीले भने, 'मिनेन्द्र रिजाल नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनलाई अघि बढाऔं, यही प्रतिवेदनले गरेको सिफारिसअनुसार अघि बढ्दा समस्याको समाधान निस्किन्छ तर महालेखापरीक्षक कार्यालयको प्रतिवेदनलाई नकार्न सक्दैनौं ।'

कांग्रेसकै सांसद सञ्जय गौतमले रिजाल नेतृत्वको उपसमितिले यसअघि तयार गरेको प्रतिवेदनलाई नै आधार मानेर अघि बढ्नुपर्ने सुझाए । त्यसक्रममा उनले जुन उद्योगले प्रिमियम शुल्कमा जति विद्युत् खपत गऱ्यो, त्यसको रकम तिर्नुपर्ने तर प्राधिकरणको नेतृत्व घिसिङ पनि एउटै चलानीमा दुईवटा पत्र पठाएर चुकेको बताए ।

'उद्योगीले पैसा तिर्छु भनेका छन् । तर, यो अवसर कसले दियो ? कहीँ न कहीँ प्राधिकरणको पनि गल्ती छ । एउटै चलानीमा दुईवटा पत्र कसरी जान्छ ? जनताले कसलाई विश्वास गर्ने ?,' सांसद गौतमले भने, 'मिनेन्द्र रिजालको प्रतिवेदनलाई आधार मानेर अघि बढ्दा निष्कर्ष निस्कन्छ ।'

अर्का कांग्रेस सांसद अर्जुननरसिंह केसी पनि प्राधिकरणका कार्यकारी निर्देशक कुलमानको पक्षमा उभिए । उनले भने, 'बक्यौता उठाउन पर्छ भन्नेलाई कारबाहीको सिफारिस गऱ्यौं भने के होला ? कारबाही गर्ने कुरामा मेरो असहमति छ ।' उनले डेडिकेटेट र ट्रंकलाइन महसुल विवाद राजनीतिक नेतृत्व तहबाट मिलाउनुपर्ने सुझाए ।

बैठकमा राप्रपाका सांसद विक्रम पाण्डेले कुलमानलाई अख्तियार लगाएर कतै प्राधिकरण नै बन्द गराउने खेल त भइरहेको छैन ? भन्दै प्रश्न गरे । कांग्रेस-एमालेले २०४७ पछि पटक-पटक सरकार चलाउँदा नेपालका उद्योगहरू ध्वस्त पारेर निजीकरण गराएको प्रसंग जोड्दै उनले भन्दै उनले भने, 'विद्युत् प्राधिकरणलाई नियमन गर्न अर्को निकाय थपिँदै छ भन्ने छ । उद्योगधन्दा जसरी प्राधिकरणलाई धराशायी बनाउने खेल त भइराखेको छैन ?'

उनले लेखा समितिले उद्योग होस् या प्राधिकरण, कसैको पक्षमा नलागी महसुलको रेडर्क र सर्तको आधारमा लिनुपर्नेमा जोड दिए । होइन भने स्थिति विकराल हुने चेतावनी दिए ।

रास्वपाका सांसद हरि ढकालले महसुल विवादलाई अख्तियारमा पठाउन नहुने उल्लेख गरे । अख्तियार मुद्दाहरू सेटल गराउने ठाउँ भएको आरोप लगाउँदै उनले भने, 'महसुल प्राधिकरणले उठाउने हो । आजै निर्णय लेखौं १५ दिनभित्र उठाउने ।'

बैठकमा नेकपा एकीकृत समाजवादीका सांसद प्रेम आलेले कुलमानलाई कारबाही गर्ने विषय अघि बढाउन नहुने बताउँदै बक्यौता उठाउने विषयमा छलफल गर्नुपर्ने धारणा राखे ।

तर, सभापति पोखरेलले प्राधिकरणसँग सम्बन्धित १७ फागुन २०८० देखिको उजुरी रहेको बताएका थिए । त्यस क्रममा उनले कुलमानलाई 'बेइमान'को संज्ञा दिए । बैठकमा समिति सदस्य तथा एमालेकै सांसद बासुदेव घिमिरेले तीन महिना बक्यौता उठाउने समय दिने भनेर प्रस्ताव गरेपछि सभापति पोखरेलले त्यसो भनेका हुन् । 'बेइमानलाई अरु तीन महिना समय दिउँ हैन ?,' पोखरेलले बैठकमा भन्दा एमालेका अधिकांश सांसदहरूले 'अहिले उठाउने भनौं, नउठे कारबाहीमा जाऔं' भनेका थिए ।
बैठकमा सभापति पोखरेलसहितका एमाले सांसदहरू बक्यौता उठाउने मात्रै नभई कुलमानलाई कारबाही गर्नुपर्नेसहितका प्रस्तावमाथि निर्णय गर्नुपर्ने पक्षमा उभिएका थिए । तर, कांग्रेस, माओवादी, रास्वपा, राप्रपा र एकीकृत समाजवादीले विमति जनाए । अन्ततः बैठक विनानिष्कर्ष टुंगियो ।

■■■

### तीन गुणा ...

हरेक वर्ष विद्युत् माग बढेसँगै विद्युत् आपूर्तिमा चुनौती थपिएका छन् । त्यस्ता चुनौती र समस्याको समाधान गरी उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, सुरक्षित विद्युत् आपूर्तिका देशका प्रमुख सहरलाई ११ क्लस्टरमा विभाजन गरिएको छ । यस्तै, सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिकरूपमा कार्यान्वयनमा लगिएको छ ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिकरूपमा विद्युत्को खपत बढाउने, उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात वृद्धि गर्ने गरी काम भइरहेको उल्लेख गरे । आव २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट रहेको विद्युत् खपत आव २०७३/७४ मा (२८.४७ बिन्दुले बढी) चार अर्ब ७७ करोड युनिट पुगेको थियो । आव २०७४/७५ मा विद्युत् खपत पाँच अर्ब ५६ करोड, २०७५/७६ मा छ अर्ब ३० करोड युनिट, २०७६/७७ मा छ अर्ब ४२ करोड तथा २०७७/७८ मा सात अर्ब २८ करोड युनिट भएको थियो ।

यसैगरी, आव २०७८/७९ मा आठ अर्ब ८४ करोड, आव २०७९/८० मा नौ अर्ब ३५ करोड र आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट विद्युत् खपत भएको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा विद्युत् खपत करिब १० प्रतिशतले बढेको हो ।

गत आवमा पिक डिमान्ड (विद्युत् बढी माग हुने समय) अघिल्लो आव २०७९/८० को तुलनामा ११.३४ प्रतिशत बिन्दुले वृद्धि भएको थियो । गत आवको जेठ १६ गते देशभित्रको सबैभन्दा बढी विद्युत्को माग रेकर्ड गरिएको थियो । उक्त दिन दुई हजार २१२ मेगावाट विद्युत् माग गरिएको थियो ।

बर्खायामका छ महिना विद्युत् भारततर्फ निर्यात गर्ने अवस्था बने पनि हिउँदमा नदी प्रवाही जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटी केही महिना देशभित्रको माग धान्न विद्युत् आयात गर्नुपर्ने अवस्था छ । तर, प्रणालीमा आयात गरिएको ऊर्जाको परिमाण भने घट्दै गएको छ । गत आवमा प्रणालीमा आयातीत ऊर्जाको हिस्सा १४.६८ प्रतिशत रहेको छ । जुन अघिल्लो आवको तुलनामा ८.५७ प्रतिशत बिन्दुले कम हो । विद्युत् निर्यात ४४ प्रतिशत बिन्दुले वृद्धि भएको छ ।

गत आवमा भारतबाट एक अर्ब ९० करोड युनिट अर्थात् १६ अर्ब ९३ करोड रूपैयाँबराबरको विद्युत् आयात गरिएको थियो । तर, सोही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरी १७ अर्ब छ करोड रूपैयाँ आम्दानी भएको थियो । गत आवमा आयातभन्दा १३ करोड रूपैयाँ बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो । *रासस*


## युएईमा रोजगार

कम्पनी : MOTA STAR BUILDING CONTRACTING LLC
शहर : UAE

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०२/०९ LT. No. 304777 चलानी नं. ६०२१९५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 5 | 0 | 1000 | ३६,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 3 | Concrete Mason | 6 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 4 | Concrete Structure Mason | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 5 | Construction Carpenter | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 6 | Painter | 4 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 7 | Painter Assistant | 5 | 0 | 1100 | ३९,८८० | | | | | | | |
| 8 | Scaffolder | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 9 | Steel Fixer | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 10 | Stone Mason | 5 | 0 | 1200 | ४३,५०५ | | | | | | | |
| 11 | Stone Worker | 6 | 0 | 1000 | ३६,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL WORLD Govt. License No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## युएईमा रोजगार

कम्पनी : ONTIME MANPOWER SUPPLY

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ LT. No. 309452 चलानी नं.६०२२४१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Male | 50 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६५२/०८०/०८१
Yovant Recruitment Services PVT. LTD.)
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

## कतार/ओमनमा रोजगार

कम्पनी : FALCON EYE SECURITY SERVICES
शहर : Doha

पूर्व स्वीकृति मिति २०८०/०६/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/०९ LT. No. 292690 चलानी नं. ६०२०७८८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 5 | 5 | 1500 | ५४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SINAW SKY NATIONAL LLC

पूर्व स्वीकृति मिति २०८१/०५/०९ LT. No. 309520 चलानी नं. ६०२२४१२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 18 | 0 | 120 | ४१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कुवेतमा रोजगार

कम्पनी : AHMED AND BODOUR GENERAL TRADING CO L.L.C
शहर : Kuwait

पूर्व स्वीकृति मिति : २०८०/०८/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०९ LT. No. 296444 चलानी नं.६०२११४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Maker) | 2 | 0 | 120 | ५१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef (Meza / Pastry/bakery) | 6 | 0 | 220 | ९५,१७५ | | | | | | | |
| 3 | Cleaner Indoor (Kitchen And Tools, Building, Publ | 2 | 0 | 90 | ३८,९३५ | | | | | | | |
| 4 | Cook (Commi Asst Chef) | 10 | 0 | 125 | ५४,०८० | | | | | | | |
| 5 | Driver | 5 | 0 | 150 | ६४,८९५ | | | | | | | |
| 6 | Head Chef | 2 | 0 | 300 | १२९,७८५ | | | | | | | |
| 7 | Kitchen Helper (Steward Restaurant Worker) | 3 | 0 | 120 | ५१,९१५ | | | | | | | |
| 8 | Waiter/waitress (Service Crew/food Server) | 8 | 2 | 120 | ५१,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएईमा रोजगार

कम्पनी : NEW SYSTEM ENGINEERING L L C
शहर : UAE

पूर्व स्वीकृति मिति २०८१/०५/०९ LT. No. 309446 चलानी नं. ६०२२४११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 150 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, १० भदौ, २०८१

- **मेष** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।
- **वृष** अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।
- **मिथुन** विभिन्न उपहार प्राप्त हुने समय छ ।
- **कर्कट** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।
- **सिंह** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।
- **कन्या** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।
- **तुला** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।
- **वृश्चिक** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।
- **धनु** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।
- **मकर** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।
- **कुम्भ** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग
- **मीन** रहनुपर्नेछ ।मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० भदौ, २०८१ (२६ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०१ | १३४.६१ |
| युरो | १ को | १४७.२८ | १४७.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.९२ | १७३.६९ |
| स्विस फ्रेन्क | १ को | १५४.४८ | १५५.१७ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८४ | ८९.२४ |
| क्यानाडियन डलर | १ को | ९७.५९ | ९८.०२ |
| सिङ्गापुर डलर | १ को | १०१.६१ | १०२.०७ |
| जापानी येन | १० को | ९.०५ | ९.०९ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७५ | ३६.९१ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४८ | ३६.६५ |
| मलेसियन रिङेट | १ को | ३०.२४ | ३०.३८ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १२.७५ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.७४ | १९.८३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.१४ | ४४०.१० |
| बहराइन दिनार | १ को | ३५५.५३ | ३५७.१३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### दुर्घटना र विपद्‌बाट जोगिऔं, जोगाऔं

मुलुकभर मनसुनजन्य विपद्‌सँगै दुर्घटनाको क्रम बढिरहेको छ । पछिल्ला दिनहरुमा देशका विभिन्न स्थानमा हरेक दिनजसो दुर्घटना भइरहेका छन् । ती दुर्घटनामा परी कयौंले ज्यान गुमाए । कयौं बेपत्ता छन् । घाइतेहरु कतिपय उपचारकै क्रममा छन् । तनहुँमा भारतीय पर्यटक बोकेको बस मर्स्याङ्‌दीमा खसेको घटना होस् या सिन्धुलीस्थित सुनकोशी नदीमा गाडी खसेको पछिल्लो घटनामा मृत्यु र बेपत्ता हुनु दुःखद हो । देशका अन्य भागमा पनि सवारी दुर्घटनाबाट जनधनको क्षति भएका समाचारहरु लगातार आइरहेका छन् ।

यति धेरै दुर्घटना भइरहँदा सरकारले न्यूनीकरणका लागि प्रभावकारी काम गर्न नसकेको प्रस्ट देखिन्छ । राजमार्गहरुमा पहिरो खसेर अवरोध सिर्जना हुँदा यात्रुहरुले सास्ती बेहोर्नुपरिरहेको छ । पहिरोले अवरुद्ध राजमार्ग तत्काल खुलाउन पनि सरकारले सकिरहेको छैन । पछिल्लोपटक नागढुंगा सडकमा खसेको पहिरो पन्छाउन चार घण्टाभन्दा बढी समय लागेको घटनाबाटै सरकारको तयारी कति फितलो छ भन्ने बुझ्न कठिन छैन ।

यता अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा गएको बाढी, पहिरोलगायत विपद्‌मा परी आइतबार दिउँसोसम्म २०३ जनाको मृत्यु भएको तथ्यांक छ । बाढी पहिरोलगायत विपद्‌मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २८, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ४२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १६ गरी २०३ जनाको मृत्यु भएको नेपाल प्रहरीले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । बाढीपहिरोका कारण काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २८, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १९, कर्णाली प्रदेशमा ६२ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी २५१ जना घाइते भएका छन् ।

बाढीपहिरोमा परी कोशी प्रदेशमा तीन, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४५, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ५४ जना बेपत्ता भएका छन् । बाढीका कारण आइतबार दिउँसोसम्म ४०८ घर डुबानमा परेका छन् । यस अवधिमा ९२४ पशुचौपायाको मृत्यु भएको छ । विपद्‌का घटनाबाट छ हजार ४४ परिवार विस्थापित भएका प्रहरीको तथ्यांकमा उल्लेख छ ।

दुर्घटना र विपद्‌जन्य घटनाबाट भइरहेको यस्तो क्षतिको न्यूनीकरणमा सरकार किन चुकिरहेको छ ? यो गम्भीर प्रश्न छ । जनता आफैं पनि यस्ता घटनाबाट जोगिन सतर्कता अपनाउनु जरुरी छ । अहिले जोखिमपूर्ण क्षेत्रमा बसोबास नगर्ने र अत्यावश्यकबाहेक टाढाको यात्रा नगर्नु नै उचित हुन्छ । दुर्घटना र विपद्‌बाट आफू जोगिऔं, अरुलाई पनि जोगाऔं ।

## मननयोग्य

### चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे। शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए। अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । • भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । क्रमशः

# सेयरबजार र अर्थतन्त्रको सम्बन्ध



■ रिसव गौतम

राष्ट्र बैंकले आर्थिक गतिविधि बढाउन खुकुलो गरी मौद्रिक नीति ल्याइसकेको छ । जसले घरजग्गा तथा अन्य साना तथा मझौला उद्यम व्यवसायका लागि भूमिका खेल्ने आशा गर्न सकिन्छ । फलस्वरुप अर्थतन्त्रमा सुधार आउने छ । जसको सकारात्मक प्रभाव सेयरबजारमा पर्ने छ । यसरी सेयरबजार र समग्र देशको अर्थतन्त्रबीच गहिरो एवं अन्योन्याश्रित सम्बन्ध छ । फलस्वरुप अर्थतन्त्र उकालो लाग्दा वा लाग्ने अवस्था सिर्जना हुँदा निश्चितरूपमा सेयरबजार बढ्छ । ओरालो लाग्ने अवस्था देखिए सेयरबजार घट्छ ।

सेयरबजार लगानीकर्ताहरूले सार्वजनिकरूपमा कारोबार भएका कम्पनीहरूको सेयर खरिद-बिक्री गर्नसक्ने थलो हो । त्यस्तो सेयरबजारलाई आज संसारभर नै अर्थतन्त्रको ऐनाको रूपमा हेरिन्छ। कुनै देशको सेयरबजार परिसूचक उच्च छ। कारोबार उच्च छ। सेयरबजारले लगानीकर्ताहरूको मनोबल बढाइरहेको छ भने त्यस देशको अर्थतन्त्र पनि सवल, गतिशील एवं तथ्यांकीय हिसावले पनि सही ठाउँमा छ भनेर हेरिन्छ ।

यदि सेयरबजारको कारोबार उत्साहप्रद छैन । परिसूचककहरू घटिरहेका छन् भने त्यस देशको अर्थतन्त्र पनि ओरालो लागेको, मन्दीले घेरेको बुझाउँछ । त्यसकारण सेयरबजार र अर्थतन्त्रको सम्बन्ध निकट छ । अझ सेयर बढ्छ कि बढ्दैन, सेयरबजारको विद्यमान उत्साह कायम रहन्छ कि रहँदैन ? भनेर आम जिज्ञासा हुन्छ। त्यसको उत्तर सरकारको हातमा छ।

अर्थतन्त्रको विद्यमान अवस्था र भविष्यको पूर्वाभाषमा भर पर्छ। कुनै सरकारले विकास निर्माणलाई तेजस्वी बनाउन सक्छ भन्ने आम सर्वसाधारणमा आशा भयो भने पनि सेयरबजारमा उत्साह देखिन्छ । तर सरकारप्रति, उसका नीतिप्रति र प्राथमिकताप्रति जनतालाई अथवा लगानीकर्तालाई भरोसा भएन भने सेयरबजारले नकारात्मक दिशा समात्छ।

### अर्थतन्त्र र सेयरबजार

सेयरबजार अर्थतन्त्रको मुख्य पिल्लर भएकैले पनि यसले व्यवसायको समुन्नति, औद्योगिक विकासमात्र होइन पूरै अर्थतन्त्रको स्वास्थ्यमा महत्त्वपूर्ण प्रभाव पार्दछ । संसारभरकै अर्थतन्त्रमा सेयरबजारले पार्ने प्रभाव करिब उस्तै र उही हो । त्यसकारण सेयरबजारको बारेमा नेताहरूले, त्यसमा पनि जनतामा प्रभाव रहेका नेताहरूले (वर्गीय समाजमा सबै नेताहरूको आ-आफ्ना प्रभाव हुन्छन् नै ) बेला-बेला सेयरबजारप्रति नकारात्मक धारणा राख्नु सर्वदा गलत हो । त्यसकारण पनि जनताको अथाह लगानी रहेको सेयरबजारप्रति बोल्दा कुनै पनि देशका गभर्नर, सरकारका आर्थिक सल्लाहकार, बजारसँग सम्बन्धित संस्थाका अधिकारीहरूले संवेदनशीलतामाथि आघात पुऱ्याउँदैनन् ।

फेरि सेयरबजार यस्तो 'प्लेटफर्म' हो, जहाँ कम्पनीहरूले पुँजी उठाउँछन् र लगानीकर्ताहरूले आफ्नो सम्पत्ति बढाउँछन् । यी दुवै गतिविधिले सेयरबजारलाई पनि र समग्र अर्थतन्त्रलाई पनि सहयोग पुग्दछ । पछिल्लो समय त धेरैजसो ठूला व्यावसायिक संघसंगठन, उत्पादनमूलक कम्पनीहरूसमेत नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा क्रमशः सूचीकृत हुन थालेपछि सेयरबजारमा हुने व्यापारले आम सर्वसाधारणलाई प्रत्यक्ष वा अप्रत्यक्ष असर गर्न थालेको छ। हरेक उत्पादन, रोजगारी र हामीले बनाउने योजनाहरूमा पनि त्यसले असर गर्दछ। त्यसकारण सेयरबजार र अर्थतन्त्र एक अर्कामा अन्योन्याश्रित छन् । दुवैलाई अलग्गै राखेर हेर्न नसकिने अवस्था छ । त्यसकारण शासकहरूले सेयरबजारलाई 'इग्नोर' गरेर अगाडि बढ्न सक्दैनन् ।

त्यसकारण पनि सेयरबजारको ट्रेण्ड बुझ्न समग्र अर्थतन्त्रको हालत केलाउन जरुरी छ । बाठा र व्यावसायिक लगानीकर्ताहरूले सेयरबजार मूल्यहरू र प्रक्षेपण बुझ्न आर्थिक डेटाहरू स्क्यान गर्छन् । तर, हामीकहाँ सेयरबजारको विश्लेषण केही प्राविधिक शब्दावलीहरू रचेर, कम्पनीहरूका आंशिक नाफाघाटा केलाएर, गोयबल्स हल्लाहरू चलाएर, लगानीकर्ताहरूलाई अल्मल्याएर गरिन्छ । तर, कुरा यत्ति हो कि, सेयरबजारको दिगो बढोत्तरीका लागि सरकारले ल्याउने केही आशाप्रद नीतिले मात्र होइन अर्थतन्त्र नै सवल र निरन्तर अगाडि बढेको हुनुपर्छ। त्यसले मात्र सेयरबजारको उत्साह कायम गराइ राख्ने छ। अन्यथा त्यो दिगो हुन सक्दैन। जसरी सेयरबजारमा लगानी गर्नेहरूले देशको आर्थिक अवस्थाको मूल्यांकन गर्छन् त्यसरी नै देशको अर्थव्यवस्थाको प्रक्षेपण गर्न सेयरबजार सूचकांकहरूको ट्र्याक राख्ने गरिन्छ।

यद्यपि, सेयरबजारमा अन्य विभिन्न कारक तत्त्वहरूको प्रभाव रहन्छ। जसले राष्ट्रको अर्थतन्त्रमा प्रत्यक्षरूपमा असर गर्दैन। उदाहरणका लागि प्राकृतिक प्रकोप, ब्याजदरदेखि करको दरसम्म सबै कुराले सेयरको मूल्यमा असर गर्छ। तर, अर्थतन्त्रमा त्यसको तात्त्विक असर भने हुँदैन । अर्को सेयर खरिद वा लाभांशमा प्रत्यक्ष प्रभाव पार्ने कानुनमा कुनै परिवर्तन भएमा त्यसले प्रत्यक्षरूपमा सेयरको मूल्यमा असर गर्छ । खासगरी सेयरबजारले कुनै पनि घटना वा परिवर्तनमा तीव्र प्रतिक्रिया दिन्छ। तर, कूल गार्हस्थ उत्पादनमा भने त्यस्ता परिवर्तनले असर गर्दैन।

यसरी समग्रमा अर्थतन्त्र र सेयरबजार एक अर्कामा सम्बन्धित भएर चल्छन् । तर, सधैं भने होइन । सेयरबजार र आर्थिक कार्यसम्पादन सधैं मिल्दैन । अर्थात् बलियो सेयरबजारको प्रदर्शनले सधैं बढ्दो अर्थतन्त्रलाई पनि इंगित गर्दैन । तर, धेरैजसो अवस्थामा देशको आर्थिक सुदृढीकरण र गतिशीलताले सेयरबजारलाई साथ दिन्छ।

### नेपालमा सेयरबजार

नेपालमा केही वर्षयता आर्थिक क्षेत्रमा आएको शिथिलता, बढ्दो बेरोजगारी, युवा पलायन, उपभोक्ता मागमा आएको कमीलगायत अरू विभिन्न कारणले सेयरबजार निरन्तर ओरालो लागेको हो । कोभिड-१९ र रुस-युक्रेन युद्धको नकारात्मक प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको हो । तर, पछिल्लो एक वर्षयता नेपालको अर्थतन्त्रको बाहय परिसूचक निरन्तर सुधारिएको देखिन्छ । रेमिटचान्स गत आर्थिक वर्षमा १४ प्रतिशतले बढेर १४ खर्ब रूपैयाँ पार गरेको अवस्था छ।

विदेशी विनिमय सञ्चिति २० खर्ब अर्थात् १३ महिनाको आयात धान्न पुग्ने रहेको राष्ट्र बैंकको प्रतिवेदनमा छ । आयात र निर्यात दुवै घटे पनि शोधानान्तर घाटाको अवस्था सुधारिएर नाफामा पुगेको छ । बैंकहरूमा न्यून तरलताको अवस्था सुधारिएर प्रर्याप्त तरलताको अवस्था छ। मुद्रास्फीति सन्तुलित हुँदै गएको छ। र, केपी ओली नेतृत्वको नयाँ सरकार आएपछि सेयरबजारले पनि लय समात्न थालेको देखिन्छ। अर्थात् अबचाहिँ केही हुन्छ भन्ने जस्तो लगानीकर्ताको मनोबल बढ्न थालेको छ । सेयरबजारमा सूचीकृत कम्पनीहरूको अघिल्लो आर्थिक वर्षभन्दा गत वर्षको वित्तीय विवरणहरू निकै सुधारिएर आएको अवस्था छ । यत्ति हो, नयाँ सरकारले पुँजीगत खर्च बढाउनुपर्ने, राजस्व आय बढाउनुपर्ने, आर्थिक गतिशीलतालाई बढाउनुपर्ने आवश्यकता देखिन्छ।



राष्ट्र बैंकले आर्थिक गतिविधि बढाउन खुकुलो गरी मौद्रिक नीति ल्याइसकेको छ। जसले घरजग्गा तथा अन्य साना तथा मझौला उद्यम व्यवसायका लागि भूमिका खेल्ने आशा गर्न सकिन्छ। फलस्वरूप अर्थतन्त्रमा सुधार आउने छ। जसको सकारात्मक प्रभाव सेयरबजारमा पर्ने छ। यसरी सेयरबजार र समग्र देशको अर्थतन्त्रबीच गहिरो एवं अन्योन्याश्रित सम्बन्ध छ । फलस्वरूप अर्थतन्त्र उकालो लाग्दा वा लाग्ने अवस्था सिर्जना हुँदा निश्चितरूपमा सेयरबजार बढ्छ । ओरालो लाग्ने अवस्था देखिए सेयरबजार घट्छ ।

## पत्र-मञ्जुषा

# तीजअगावै रमझम, विकृतिलाई मलजल

हिन्दू धर्मावलम्बी महिलाहरूको महान् चाड हरितालिका तीज नजिकिँदै छ । तीज नजिकिएसँगै महिलाहरू रातो सारी लगाएर, गरगहना पहिरिएर दर खान हिँडेको बाटोमा छ्याप्छ्याप्ती देखिन्छ । तीजको कार्यक्रमले पार्टी प्यालेस पनि प्याक छन् । यता, होटल र रेस्टुरेण्टमा पनि तीज कार्यक्रमको आयोजना गर्न थालिएको छ ।

राजनीतिक दलहरूले पनि तीजको कार्यक्रम आयोजना गरिरहेका छन् । हुन त यस्तो कार्यक्रमको आयोजना गर्नसक्ने र तीजको नाममा विकृति फैलाउने नेताका श्रीमती, सरकारी जागिरेका श्रीमती, व्यापारीका श्रीमती, महिला अधिकारकर्मी भनाउँदाहरू र नागरिक अभियन्ता रहेका छन् ।

पछिल्लो समय तीजमा खर्चिला र तडकभडक कार्यक्रमको आयोजना गर्ने क्रम बढेको छ । तीजमा शरीर देखाउने त 'ट्रेण्ड' नै बनिसकेको छ। यता, गहना प्रदर्शन गर्ने चाड बनेको छ, तीज। महिलाहरूले तीजमा आफूसँग भएको गहना 'सो-अफ' गर्छन्।

रमाइलोको नाममा मादकपदार्थ सेवन गर्ने, लाखौं रूपैयाँ उडाउने, होहल्ला गर्नेलगायत उच्छृंखल क्रियाकलाप गर्ने प्रवृत्ति केही वर्षदेखि बढ्दो छ । जसका कारण तीज पर्वको परम्परा र महत्त्व नै मेटिँदै गएको छ। तीज महिलाको पर्व हो। तर, पुरुषहरूले पनि तीज मनाउन थालेका छन्।

महिलाहरू नाचिरहेको ठाउँमा गएर पुरुषहरू पनि नाचिरहेको देखिन्छ। कतिपयले भीडको फाइदा उठाएर महिलाको शरीर छुन खोज्छन्। तीज पर्वलाई लक्षित गरी बजारमा थुप्रै गीत आएको छ। तर, ती गीत सुन्न पनि महामुस्किल छ। हेर्न त परको कुरा। फोहोरी, अपाच्य शब्दको प्रयोग र बेथिति फैलाउने सिनहरू तीज गीतमा देख्न सकिन्छ।

आफू चर्चामा आउन कलाकारहरूले छाडा गीत गाइदिन्छन् । हेर्नै नसकिने सिनहरू गरिरहेका छन् । आफूले गर्दा समाजमा कस्तो प्रभाव पर्छ ? कलाकार हरूलाई मतलब छैन । उनीहरूलाई जसरी हुन्छ, चर्चामा आउन परेको छ, पैसा कमाउन परेको छ । ऐनकानुनको धज्जी उडाउने कलाकारलाई थितिमा ल्याउन सरकारले पनि उचित कदम चालेको छैन ।

कलाकारहरू समाजमा विकृति फैलाइरहेका छन्, सरकार टुलुटुलु रमिता हेरिरहेको छ। मान्छे पदमा पुगेर मात्र हुँदैन भन्ने पुस्टयाइँ देशका प्रधानमन्त्री केपी शर्मा ओलीबाट हुन्छ। प्रधानमन्त्रीजस्तो हैसियतका व्यक्ति महिलाले मनाउने तीज कार्यक्रममा जानुलाई समाजले के भन्ने ?

कुन कुरा गलत कुन सही ? नेपालीले यो कहिले नछुट्याउन नसक्ने भए । देशमा गरिबी छ । कतिपयले दैनिक दुई छाक खान पाएका छैनन् । आज पनि कतिपय ठाउँमा पुल बन्न सकेको छैन। अस्पताल छैन। कापी कलम नहुँदा बालबालिका पढ्नबाट वञ्चित भएका छन्। तर, यतातिर कसैको नजर जाँदैन।

उत्ताउलो लुगा लगाएर, लाखौं रूपैयाँ खर्चिएर समाज भड्काउने कार्यक्रम गर्न पैसा हुनेहरूलाई कसैलाई सहयोग गर्नुपरे दाँतबाट पसिना छुट्छ । जो व्यक्ति समाजलाई सही बाटोमा लैजान सक्छ, अर्काको जिन्दगीमा उज्यालो छर्न सक्छ, ऊ नै महान् व्यक्ति हो। मैनबत्ती आफू बल्छ, समाजमा उज्यालो छर्छ, मान्छे पनि त्यस्तै हुनुपर्छ।

बाढीले धेरै जिल्लामा क्षति पुऱ्याएको छ। त्यहाँ राहत पुगेको छैन । त्यहाँका जनता भोकभोकै छन् । खाने अन्न छैन । महिना दिन अगाडिदेखि तीजको कार्यक्रम गरेर व्यर्थमा खर्च गर्नुभन्दा यी पीडितलाई सहयोग गरिदिएको भए, उनीहरूलाई कति राहत हुन्थ्यो। सडक छेउछाउ, मठमन्दिरमा माग्न बसेको हामी त्यत्तिकै देख्छौं ।

घरघरमा माग्न आउनेको संख्या पनि उत्तिकै छ। मिर्गौला, क्यान्सरलगायत रोगका पीडितहरूले उपचार पाउन सकेका छैनन्। खान नपाउँदा धेरै दिनदिनै भोकभोकै सुत्छन्। गरिबको जीउमा एक जोर लुगा छैन, खुट्टामा चप्पल । तर, केही दलाल र भ्रष्टाचारीहरूले मोजमस्ती गरिरहेका छन् ।

तीज मनाउन खर्चिएको पैसा गरिब मारेर आएकै न हो। राजनीतिक दलका नेता र सरकारी कर्मचारी भ्रष्टाचार गर्छन्। तिनका श्रीमती लगेर तीज मनाउने नाममा उडाउँछन् । व्यापारीहरू उपभोक्ता ठग्छन् । उनीहरूका श्रीमतीले लगेर नाचेर पैसा उडाइरहेका छन् । देशमा गरिब र धनीको खाडल बढ्दै गएको छ ।

गरिबहरू झन्झन् गरिब बन्दै गएका छन् । शोषक, सामन्ती, दलालीहरू गरिबको रगत चुसेर मोटाउँदै गएका छन् । जनताले तिरेको कर यिनीहरूले झयाम्म बनाए । सरकारी जग्गा दर्ता गरेर व्यक्तिगत सम्पत्ति जोडे । राजनीति परिवर्तन गर्ने गरिब, अहिले मर्नुपर्ने पनि गरिब। आहा सरकार ! तिम्रो यो योगदानलाई कसरी वर्णन गर्नु।

गरिबका लागि लोकतन्त्र नै आएको छैन। लोकतन्त्र त भ्रष्टाचारी, शोषक, सामन्तीका लागि आएको हो । हुनेखानेहरू तीज आउनुभन्दा महिनौं अगाडिदेखि दर खान्छन्। तर, गरिबहरू त तीजको अघिल्लो दिन पनि भोकै सुत्छन् । देशका नेतृत्वकर्ता पनि त्यस्तै भए । जनप्रतिनिधिहरू सार्वजनिक काम गर्दैनन्।

बरु, यस्ता कार्यक्रम गरेर पैसा उडाउँछन्। अपराध गरेर कमाउने अनि मोजमस्ती गरेर सकाउने। त्यो पैसाले कतै पुल बनाइदिए, कतै अस्पताल बनाइदिए, कतै आश्रम बनाइदिए, प्रहरी चौकी बनाइदिए, अपराध त कम हुन्थ्यो होला नि। जनताले हेर्ने नजर पनि फेरिन्थ्यो । भन्ने बेला हामी समाजसेवी, तर वास्तवमा हुन् भ्रष्टाचारी।

सरकारले हुनेसँग लिने हो, नहुनेलाई दिने हो। हुनेबाट कर लिऔं, नहुनेलाई उपचार दिऔं। खान दिऔं । तर, देशको प्रधानमन्त्रीसँग केही योजना नै छैन। हुन त 'माफिया' को सोच कति नै हुन्छ र ? नेपाली घमण्डी बन्दै गएका छन्। उनीहरूमा मानवीयता हराउँदै गएको छ।

दुई आनामा घर बनाउने अनि मजस्तो धनी कोही छैन भन्ने सोच्नेहरू बढ्दै गएका छन्। मेरो जति शैक्षिक योग्यता कसैसँग छैन भन्नेको संख्या बढ्दै गएको छ। त्यसो त उनीहरूको पढाइ समाजमा के काम लाग्यो ? समाजले के उपलब्धि हासिल गऱ्यो ? पढेर मात्र हुँदैन, समाजका लागि केही गरेर देखाउन सक्नुपर्छ।

ऊसँग भएको ज्ञान अरूलाई काम लाग्दैन भने त्यसलाई कुन आधारमा ज्ञान भन्ने ? कसैसँग पैसा छ । तर, भोको पेट माग्दै आएकालाई केही गर्न सक्दैनन् भने उसको पैसा के पैसा । कसैलाई दिनुपऱ्यो भने नेपालीहरू रित्तो हुन्छन्, तर समाजमा विकृति फैलाउन उनीहरूसँग पैसै-पैसा हुन्छ।

अनावश्यक खर्च गर्न नेपाली जति अग्रसर सायदै कोही होला । समाज कता गइरहेको छ ? सरोकारवालालाई थाहा छैन। समाज बिग्रिँदै गएको छ, सरकार हात बाँधेर बसेको छ। समाजप्रति सरकार अलिकति पनि जिम्मेवार देखिँदैन । नागरिकलाई सचेत बनाऔं भन्नेमा सरकारको ध्यान नै छैन।

प्रधानमन्त्रीलाई हावादारी गफ गर्न भ्याइनभ्याइ छ। मन्त्रीहरूलाई पद सम्हाल्न मुस्किल छ। समाज के हेर्छन् । सरकारी कर्मचारी भ्रष्टाचार गर्नमै ध्याउन्नमा छन्, समाजलाई के हेर्न भ्याउँथे। अबको अवस्था एकदमै जोखिमपूर्ण हुने देखिन्छ। पैसा हुने गहना प्रदर्शन गर्छन्, नहुनेहरू लुट्न जान्छन्।

कि आफू मर्छन्, कि अरूलाई मार्छन्। समाज र जनतालाई सुधार्ने हो, बिगार्ने होइन, प्रधानमन्त्रीज्यू। आफैं समाज बिगार्नतर्फ नलाग्नुस्।

*- अनुसा थापा, भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# दोरम्बा पहिरोले लियो ६ जनाको ज्यान, ४ जना बेपत्ता

**रामेछाप (प्रस)**- रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-३ मा शनिबार राति गएको पहिरोमा परी छ जनाको मृत्यु भएको छ । उक्त पहिरोमा परी चारजना बेपत्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी कौशल न्यौपानेका अनुसार मृतकको शव परीक्षण गरी आफन्तलाई जिम्मा लगाइएको छ। हराइरहेका चारजनाको खोजी भइरहेको र घाइतेलाई उपचारका लागि काठमाडौं पठाइएको सूचना अधिकारी न्यौपानेले जानकारी दिए । पहिरो एक किलोमिटर लामो भएकाले खोजतलासमा समस्या भइरहेको उनले बताए ।

पहिरोमा परी शैलुङ-३ की ३० वर्षीया चण्डिका श्रेष्ठ, उनका १८ महिने छोरा आयुष, सोही वडाका क्रमशः ५७ वर्षीया उर्मिला पहरी, ३० वर्षीय सन्दीप पहरी, ११ वर्षीय सन्तोष पहरी र १४ वर्षीय विज्ञान पहरीको ज्यान गएको थियो । ११ वर्षीया अञ्जना श्रेष्ठ घाइते भएकी थिइन् ।



पहिरोमा परी सोही वडाका ५५ वर्षका काले पहरी, ५० वर्षका झाइपुरी पहरी ६५ वर्षीया पुड्की पहरी र २१ वर्षीया बिन्दा पहरी हराइरहेको गाउँपालिकाकी उपाध्यक्ष खमला थापामगरले बताइन् ।

उक्त वडाको लेखर्कमा शनिबार राति परेको अविरल वर्षाका कारण खसेको पहिरोले तीनवटा घर बगाएको र एउटा घर पुरिएको प्रहरीले जनाएको छ। पहिरोले वडा नं २ र ३ को सिमानामा रहेको अँधेरी खोलाको पक्की पुल पनि बगाएको छ ।

### ६५ घरपरिवारलाई अन्यत्र सारियो

दोरम्बा शैलुङ गाउँपालिका-३ मा शनिबार रातिको पहिरोका कारण विस्थापित भएका ६५ परिवारलाई सुरक्षित ठाउँमा सारिएको छ। विस्थापित भएका करिब १८० जनालाई टोकरपुरमा रहेको कण्ठेश्वर मावि र गाँउपालिकाको खाली कोठामा सारिएको पालिकाका अध्यक्ष मैनकुमार मोक्तानले जानकारी दिए ।

आइतबार घटनास्थल पुगेका ऊर्जा, सिँचाइ तथा जलस्रोत राज्यमन्त्री पूर्णबहादुर तामाङले जोखिमयुक्त बस्ती तत्काल सुरक्षित स्थानमा सार्न निर्देशन दिएका थिए। पहिरोमा परी मृत्यु भएकाका परिवारलाई राज्यमन्त्री तामाङले जनही १०/१० हजार रूपैयाँ प्रदान गरे । घाइते श्रेष्ठको सम्पूर्ण उपचार खर्च आफूले व्यहोर्ने पनि मन्त्री तामाङले घोषणा गरे ।

## नेपाली तीर्थयात्री चढेको बस भारतमा दुर्घटना, ४५ घाइते

**बारा (प्रस)**- नेपाली तीर्थयात्री चढेको बस भारतमा दुर्घटनामा परेको छ । भारतको बिहार राज्यको समस्तीपुरमा शनिबार राति भएको उक्त दुर्घटनामा बाराको बारागढी गाउँपालिका-३ मूर्तिपलियाका ४५ जना घाइते भएका छन् ।

उक्त बसमा २५ महिला र छ बालबालिकासहित ४७ तीर्थयात्री सवार थिए । तीनजना गम्भीर घाइते भएको जानकारी दिइएको छ । दुईजना सकुशल रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता प्रकाश सापकोटाका अनुसार गम्भीर घाइतेमा देवनारायण पण्डित, सुवोध साह तेली र नौ वर्षीया बालिका रहेका छन् । ना ७ ख ६४४६ नम्बरको देव दर्शनको उक्त बसलाई ट्रकले पछाडिबाट ठक्कर दिँदा उक्त दुर्घटना भएको भारतीय सुरक्षाकर्मीले जानकारी दिएको उनले बताए । सबै तीर्थयात्री बिहारको देवघर बाबाधाम तीर्थाटनका लागि गएका थिए ।

'बस दुर्घटनामा परेका सबै बारागढी गाउँपालिका-३ मूर्तिपलियाका रहेको जानकारी पाइएको छ,' प्रहरी नायव उपरीक्षक सापकोटाले भने ।

भारतका विभिन्न तीर्थस्थलको दर्शन गर्न उक्त बस शनिबार बिहान ११ बजे रक्सौल नाकाहुँदै भारत प्रस्थान गरेको थियो । त्यसअघि उनीहरूले गाउँमा सामूहिक पूजापाठसमेत गरेका बताइएको छ । सो बस बारागढी-१ का राजाराम साहको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सुनकोसीमा खसेको गाडी भेटियो, बेपत्ता तीनजनाको खोजी जारी

**कमलामाई (सिन्धुली)**- शनिबार साँझ सुनकोसी नदीमा खसेर बेपत्ता भएको गाडी आइतबार बिहान २ बजे भेटिएको छ । खोटाङको हलेसीबाट भक्तपुर जाने क्रममा सिन्धुलीको गोलञ्जोर गाउँपालिका-१ कुँडुलेस्थित मध्यपहाडी लोकमार्गबाट नदीमा खसेको प्रदेश ३-०१-०२३ च ६३६६ नम्बरको हाइलक्स गाडी भेटिएको हो ।

सशस्त्र प्रहरीको गोताखोर टोलीले नदीको धमिलो बहावमा डुबेको गाडी जेसिभीको सहायतामा झिकेर नदी किनारमा राखेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिए । आइतबार बिहान घटनास्थलमा पुगेका प्रहरी उपरीक्षक काफ्लेका अनुसार गाडी घटनास्थलबाट ५० मिटर तलबाट झिके पनि गाडीमा सवार चालकसहित तीनजना अझै बेपत्ता छन् ।

बेपत्ता हुनेहरूमा भक्तपुरको जगातीका ३२ वर्षीय अबिन बके, ३० वर्षीय प्रनित स्यागु र ३७ वर्षीय बलराम घटुवा छन् । उनीहरूको खोजी गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरीको गोताखोर टोली र स्थानीय नागरिकहरू खटिएका छन् । गाडीमा चारजना सवार थिए । हाम्फालेर बाँच्न सफल घाइते भक्तपुरको जगातीका २७ वर्षीय सुशान्त कक्षपतीको सुनकोसी सामुदायिक अस्पताल, खुर्कोटमा उपचारपछि डिस्चार्ज भएको प्रहरीले जनाएको छ । *रासस*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भेरी अस्पताल

नेपालगन्ज, बाँके

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/०५/०९)

यस अस्पतालद्वारा प्रकाशित निम्न बमोजिमको **E–bid** बोलपत्र ठेक्का सूचना अनुसार पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन समितिको सिफारिस बमोजिम अस्पतालको मिति २०८१/०५/०९ को निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रदाताहरूको न्यूनतम कबोल अंकको आधारमा मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सात (७) दिने सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

**PROCUREMENT OF CATH LAB ITEMS (ठेक्का सूचना नं. BH/NCB/CATH/02/081/82)**

| क्र.सं. | फर्मको नाम | कम रकम कबोल गरेको सामग्रीको सि.नं. | जम्मा आइटम | अस्पतालको अनुमानित मूल्य | फर्मले कबोल गरेको मूल्य | फरक अनुपात |
|---|---|---|---|---|---|---|
| १. | RAPTI SURGICAL AND CHEMICAL SUPPLIERS,DANG | 3,4,6,9,10,11,12,14,15,16,17, 18, 19, 22, 24, 25, 26, 27, 29, 33, 37, | 21 items | 28820150 | 17673800 | 38.67% |
| २. | SINDHU SURGICAL CONCERN PVT. LTD,KATHMANDU | 1,2,7,8,13,21,31 | 7 items | 16081500 | 11685080 | 27.33% |
| ३. | HAYAT MEDICO DISTRIBUTORS, RUPENDEHI | 5,20,23,28,30,32,34,35,36,38 | 10 items | 23664320 | 20111100 | 15% |

**PROCUREMENT OF LAB ITEMS (ठेक्का सूचना नं BH/NCB/LAB/01/081/82)**

| क्र.सं. | फर्मको नाम | कम रकम कबोल गरेको सामग्रीको सि.नं. | जम्मा आइटम | अस्पतालको अनुमानित मूल्य | फर्मले कबोल गरेको मूल्य | फरक अनुपात |
|---|---|---|---|---|---|---|
| १. | MANGALAM SURGICHEM HOUSE, BUTWAL | 1,2,4,6,7,13,14,17,18,19,20, 22,37,38,48,49 | 16 items | 3711275 | 1816776 | 51 % |
| २. | HAYAT MEDICO DISTRIBUTORS, RUPENDEHI | 5,9,12,16,21,24,29,30,31,32, 36,39,40,41,44,45,46,50,52, 56,57 | 21 items | 4451167.5 | 2468782.5 | 44.5 % |
| ३. | MANSAROVAR MEDIHEALTH PVT LTD, KATHMANDU | 15,23,51,53,55 | 5 items | 463090 | 76680 | 83.44% |
| ४. | DEUTI SURGICALS, NEPALGUNJ | 3, 8, 10,11,25,26,27,28,33,34, 35,42,43,46,54 | 15 items | 6091855 | 1111575 | 81 % |

नि. प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट
**डा.प्रकाश बहादुर थापा**

## युएईमा रोजगार

कम्पनी : Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. (Dubai Branch)
शहर : UAE

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 304508 | चलानी नं. ६०२१९२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 2 | 0 | 900 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 1 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 3 | Construction Carpenter | 2 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 4 | Electrician | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 5 | Painter | 2 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 6 | Painter Assistant | 9 | 0 | 900 | ३२,६२० | | | | | | | |
| 7 | Stone Mason | 1 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 8 | Tile Layer | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 9 | Tile Layer Assistant | 3 | 0 | 900 | ३२,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
Octopus Training Center Damak-5 मा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।
Sunsari Multiple Training Center, Sunsari-6 मा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।
Gajraj Training Center Pvt. Ltd. Banke-11 Nepaljung मा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

सम्पर्क:
दमकको लागि: ९८०१७१५७१५, ९८०१७१५७१३, सुनसरीको लागि: ९८२७२१४२९२, ९७०५३३४२२७, नेपालगञ्जको लागि: ९८४८०५८१९४

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR
Govt. License 1631/080/081
**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा रोजगार

कम्पनी : Abdul Karim Nazzal Musabah Al Harbi Car Maintenance Workshop
शहर : ........

पूर्व स्वीकृति मिति २०८१/०५/०९ | LT. No. 309472 | चलानी नं. ६०२२४०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic / Vehicle Mechanic Assistant | 2 | 0 | 1500 | ५३,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा रोजगार

कम्पनी : BROUQ AL-SIR TRADING EST
शहर : ........

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No. 309204 | चलानी नं. ६०२२४०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १६ गते (1st Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा रोजगार

कम्पनी : MANA SALEH ALI AL-KARBI GAS STATION
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/०७ | LT. No. 309348 | चलानी नं. ६०२२४०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Petrol Pump Labour | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : MARMARA WOMEN'S HEALTH INSTITUTE COMPANY
शहर : Jahra

पूर्व स्वीकृति मिति २०८१/०५/०७ | LT. No. 309388 | चलानी नं. ६०२२४०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/Hairdresser/Manicurist Pedicurist/Beauty Therapist | 0 | 8 | 150 | ६५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 3 | 150 | ६५,४०० | | | | | | | |
| 3 | Cleaner Indoor | 0 | 4 | 110 | ४७,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NBR
Govt. License 1370/74/75
**Namo Buddha Recruitment Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com,Website : www.namobuddharecruitment.com

## कर्जा चुक्ता/भुक्तान तथा धितो लिलाम बारेको ३५ दिने सूचना !

*प्रकाशित मिति: २०८१/०५/१० गते, सोमबार*

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित कर्जा सदस्यहरूले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने बुझाउने साँवा, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले कर्जा सदस्यहरूलाई ऋण कर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो, लिलामीको लागि यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र कर्जा सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा, व्याज आदि संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थालाई लेखिदिएको तपशिलमा उल्लेखित विवरण रहेको सम्पत्ति लिलाम बिक्री गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमसुक, सर्तनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था वमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा, व्याज, हर्जना तथा असुलि कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरू समेत असुल उपर गरिने व्यवहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र कर्जा चुक्ता नगर्ने शेयर सदस्यहरूको संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूले तपसिलमा उल्लेखित अचल सम्पत्ति डाकबढाबढ बोलकबोलद्वारा लिलाम सकार गरी लिन तोकिएको समयभित्र यस संस्थाको मुख्य कार्यालय ल.म.न.पा.-१९, कुमारीपाटीमा उपस्थित भई निम्न सर्तहरूको अधिनमा रही आफुले सकार गरि लिन चाहेको व्यहोरा खुलाई निवेदन गर्नुहुन सबैमा सूचित गरिन्छ। प्राप्त निवेदनका आधारमा संस्थाको कार्यालयमा ३६ (छत्तिस) औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन अपरान्ह ४:०० बजे डाक बढाबढ कार्यक्रम रहने हुँदा निवेदन दाता, सम्बन्धित कर्जा सदस्य तथा धनजमानी दिने सम्पूर्ण सदस्यहरू समेत उपस्थितका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | कर्जा सदस्यको नाम ठेगाना | व्यक्तिगत जमानी कर्ता | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **नाम** : रविन कुमार कार्की<br>**बाजे** : कटक बहादुर कार्की<br>**पिता** : चेत बहादुर कार्की<br>**ना.प्र.न.**: १३१०३७/८, ओखलढुंगा<br>**ठेगाना**: काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.२ जोरपाटी | १.**नाम** : भवानी शंकर ढुंगेल<br>**ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा वडा नं ३२, पेप्सीकोला<br>२. **नाम** : सविना घिमिरे<br>**ठेगाना** : काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं २ जोरपाटी | श्री रविन कुमार कार्कीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, साविक शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ सिट नं ७ (य) को कि.न. १६५९० को जम्मा क्षेत्रफल २६५८.२२ व.मि. रहेको जग्गा र सो जग्गामा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**शर्तहरू :**

१. दर्ताका लागि निवेदन संस्थाको मुख्य कार्यालयबाट रु.१०००/-(अक्षरूपी एक हजार रूपैंया मात्र ) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिने छ। फोटोकपी गरेको फर्म मान्य हुने छैन ।
२. लिलाम गरिने सम्पत्ति सकार गर्न इच्छुक प्रस्तावकहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन अपराहन्न ४:०० बजे भित्र निवेदन दर्ता गरि सक्नुपर्ने छ।
३. लिलाम बिक्री गरिने सम्पतीको स्थलगत निरिक्षण गर्न चाहेमा, कागजपत्र हेर्न चाहेमा वा घर/जग्गाको न्यूनतम मुल्य जान्न चाहने प्रस्तावकहरूले निवेदन दर्ता गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।
४. निवेदन फारममा आफुले खरिद गर्न चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्ने छ।
५. लिलाममा डाक बढाबढमा अन्तिम पटक सबै भन्दा बढि कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १०% (दश प्रतिशत) ले हुने रकम त्यसै दिन संस्थामा धरौटी बापत बुझाउनुपर्ने छ।
६. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चितताको लागि सूचना पाएको मितिले ७ दिन भित्र बाकीं रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापतको १०% (दश प्रतिशत) रकम स्वत: जफत हुनेछ। निज पछि सबै भन्दा बढि रमक प्रस्ताव गर्ने प्रस्तावको नाममा लिलाम बिक्री गर्न सकिनेछ।
७. तोकिए अनुसार लिलामको दिन सहकारी वा सरकारी विदा परेमा त्यसको लगत्तै संस्थाको कार्यालय खुलेको दिन लिलाम बढाबढ हुने छ।
८. लिलामको दिन सबै भन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ।
९. सहकारी ऐन, नियमवाली तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी विनियमवाली अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उपयुक्त समयमा आफ्नो स्वामित्वमा लिन सक्ने छ।
१०. लिलाम बिक्री गर्दा लागेको खर्च कर्जा सदस्य स्वयमले नै व्यर्होनु पर्ने छ।
११. संस्थामा सुरक्षण स्वरूप रहेको धितोबाट सम्पूर्ण रकम असुल उपर नभएमा कर्जा सदस्य तथा जमानीको नाममा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ।

*नोट : लिलाम हुने मिति: २०८१/०६/१४ गते सोमबार, स्थान: संस्थाको मुख्य कार्यालय, समय ४:०० देखि ५:०० बजेसम्म ।*

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय: ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५६, ५४३२७१८
पञ्चशील सदस्य सेवा केन्द्रहरू
चापागाउँ, फोन नं. ०१-५२६५४७१, सरस्वतीनगर, काठमाडौं, फोन नं. ०१-४८१३४४७, कोटेश्वर, काठमाडौं फोन नं. ०१-४६१०६१७, ४६१०१०७
न्युरोड, काठमाडौं फोन नं. ०१-५३५५४०८, भक्तपुर, सूर्यविनायक फोन नं. ०१-६६१५६४७

# प्रभाव दैनिक

सोमबार, १० भदौ २०८१ (Monday, August 26, 2024)


## रूपशाला

### झापाका सन्तोष बने 'मिस्टर नेपाल २०२४'

'मिस्टर नेपाल २०२४' को उपाधि झापाका सन्तोष लोक्समले हात पारेका छन् । शनिबार राति काठमाडौंमा आयोजित प्रतियोगिताको अन्तिम प्रतिस्पर्धामा अन्य प्रतिस्पर्धीलाई पछाडि पार्दै उनले उपाधि जितेका हुन् । उनले आगामी नोभेम्बर महिनामा भियतनामा सञ्चालन हुने 'मिस्टर वर्ल्ड २०२४'मा नेपालको प्रतिनिधित्व गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा भक्तपुरका योगेश श्रेष्ठ 'मिस्टर ग्लोबल नेपाल' र काठमाडौंका आयुष दुलाल 'म्यान अफ द वर्ल्ड नेपाल' चयन भए ।



# कर्णाली प्रज्ञा–प्रतिष्ठान गठन सम्बन्धमा विज्ञहरूसँग छलफल




**काठमाडौं (प्रस)-** कर्णाली प्रदेशमा प्रज्ञा-प्रतिष्ठान स्थापनाका लागि सुझाव संकलन गरिएको छ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले नेपाल प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा आइतबार यहाँ छलफल कार्यक्रम आयोजना गरी कर्णाली प्रदेश सांस्कृतिक नीति र प्रज्ञा-प्रतिष्ठान गठनका सम्बन्धमा विज्ञसँग सुझाव माग गरेको हो ।

प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कर्णाली प्रज्ञा-प्रतिष्ठानको महत्त्व दर्शाउँदै प्रतिष्ठान गठन प्रक्रिया र सांस्कृतिक नीतिबारे विज्ञहरूसँग सुझाव माग गरे । उनले संवैधानिक अधिकार प्राप्त भए पनि प्रदेशमा प्रतिष्ठान गठनले अझै पूर्णता पाउन नसकेको बताउँदै यही कार्यकालमा प्रतिष्ठान स्थापना गर्ने र कर्णालीका संस्कृति संरक्षणमा जनसहभागिता बढाउने उद्देश्य रहेको बताए । 'खस भाषाको उद्गमस्थल कर्णाली प्रदेशको मौलिकता हराउँदै गएको छ । पुरातात्त्विक महत्त्वका सम्पदा, कला संस्कृति र यहाँको जनजीवन जीवन्त राख्न प्रतिष्ठान महत्त्वपूर्ण छ,' मन्त्री भण्डारीले भने, 'यस स्थापना गरिने प्रतिष्ठानको संरचना कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे विज्ञहरूका सुझाव लिएर अघि बढ्नेछु ।'

उनले विज्ञहरूमाझ 'कर्णाली प्रज्ञा-प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृतिका लागि तयार पारिएको अवधारणापत्र' प्रस्तुत गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) का पूर्वअध्यक्ष हरिहर अधिकारी 'श्यामल'ले कर्णाली प्रज्ञा-प्रतिष्ठानको आवश्यकता औंल्याउँदै संरचनागत स्वरूप र सञ्चालन गर्ने शैली (मोडल) समयानुकूल हुनुपर्नेमा जोड दिए । भाषा आयोगकी सदस्य उषा हमालले कर्णालीको भाषा, कला, संस्कृतिको अनुसन्धान गर्न त्यहाँकै जनशक्ति परिचालन गर्नुपर्ने धारणा राखिन् ।

छलफलमा सहभागी विषयगत विज्ञहरूले प्रतिष्ठानको गठन प्रक्रियाबारे विभिन्न सुझाव दिएका थिए ।

## रंगशाला

# नेपाल साफ च्याम्पियनसिपको फाइनलमा



**काठमाडौं (प्रस)-** भुटानलाई पराजित गर्दै नेपाल साफ यु-२० च्याम्पियनसिपको फाइनलमा पुगेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार भएको पहिलो सेमिफाइनलमा नेपालले टाइब्रेकरमा भुटानलाई ४-१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।

नेपालका गोलकिपर जियारथ शेखले टाइब्रेकरमा भुटानका तीन खेलाडीको प्रहार बचाएपछि नेपालको जित सुनिश्चित भएको हो । टाइब्रेकरको पहिलो प्रहारमा नेपालका लागि राम थापा र भुटानका जेत्सन दोर्जीले गोल गरे । त्यसपछि दोस्रो प्रहारमा नेपालका अभिनाश स्याङ्तानले गोल गर्दा भुटानका जिग्मे नाम्गेलको प्रहार बाहिरियो ।

त्यस्तै नेपालका सिमान्त थापाले तेस्रो प्रहारमा गोल गर्दा भुटानका उग्वेन जिग्मेको प्रहार जियारत शेखले नै बचाए । चौथो प्रहारमा जियारतले गोल गर्दै नेपाललाई फाइनल पुऱ्याए । त्यसअघि खेलको निर्धारित ९० मिनेटमा दुवै टोलीले १-१ गोल गरेका थिए । खेलको ५६औं मिनेटमा भुटानले अग्रता लिएको थियो । जेत्सन दोर्जीले पेनाल्टी क्षेत्र बाहिरबाट गरेको गोल भएको थियो ।

भुटान खेलको ७७औं मिनेटमा १० खेलाडीमा सीमित बन्यो । भुटानका किन्जाङ तेन्जिङलाई रेफ्रीले रातो कार्ड देखाउँदै बाहिर पठाएका थिए । किन्जाङले नेपालका खेलाडीमाथि फाउल गरेका थिए । खेलको ७८औं मिनेटमा नेपालले बराबरी गोल फर्कायो । रातो कार्डपछि नेपालले पाएको फ्रिकिक बलबाट आएको पासबाट निराजन धामीले करिब सिक्स यार्ड बक्समा हेड गर्दै बललाई जाली चुमाए ।

च्याम्पियनसिपको दोस्रो सेमिफाइनलमा आज भारत र बंगलादेशबीच प्रतिस्पर्धा हुनेछ ।

# भिम र सपनालाई 'द वाल क्लाइम्बिङ'को उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं-** 'द वाल क्लाइम्बिङ' प्रतियोगिताको उपाधि भिमबहादुर तामाङ र सपना ढुंगेलले जितेका छन् । तामाङले पुरुष र ढुंगेलले महिलातर्फको स्पर्धामा उपाधि जितेका हुन् ।

तामाङले निधारित दूरी ३६.६९ सेकेन्डमा पार गरेका थिए । छिरिङ राई ४१.८२ सेकेन्डमा दूरी पार गर्दै दोस्रो बने । विजय श्रेष्ठ, विशाल भट्ट र आशिष हेम्बा क्रमशः तेस्रो, चौथो र पाँचौं बने ।

महिलातर्फ प्रथम बनेकी ढुंगेलले निर्धारित दूरी ५५.३७ सेकेन्डमा पार गरेकी थिइन् । जस्मीन कार्की एक मिनेट १८.२९ सेकेन्डका साथ दोस्रो बनिन् । सरस्वती खड्का, निर्मला भट्ट र विनु राई क्रमशः तेस्रो, चौथो र पाँचौं स्थान सुरक्षित गर्न सफल बने ।

नेपाल माउन्टेन एकेडेमीले सहासिक खेलका रूपमा परिचित टप रोप क्लाइम्बिङ 'द वाल क्लाइम्बिङ इभेन्ट' प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिता धुम्बाराहीस्थित पासाङल्हामू शेर्पा फाउण्डेसन वाल क्लाइम्बिङमा सम्पन्न भएको हो ।

प्रतियोगितामा पहिलोदेखि पाँचौं हुने खेलाडीलाई क्रमशः चार हजार, तीन हजार, एक हजार ५०० र एक हजार रूपैयाँ पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताका लागि तय गरिएको १५ मिटरको दूरी पार गर्न अधिकतम् सात मिनेटको समयसीमा निर्धारण गरिएको थियो ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relation Officer - 4 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न ७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com

## गाँउघर उज्यालो साना हाईड्रोपावर कम्पनी लि.

मध्यपुर ठिमी-३, भक्तपुर, नेपाल

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।०५।१०)

यस कम्पनीको मिति २०८१/०५/०८ गते बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको नवौं वार्षिक साधारण सभा (आ.व.२०८०/०८१) निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति,स्थान र समय**

**मितिः** २०८१/०६/०३ गते, बिहिबार अर्थात सेप्टेम्बर १९, २०२४ ।
**स्थानः** के.एफ.सी(K.F.C), बालकुमारी, ललितपुर ।
**समयः** बिहान ११:०० बजे ।

**साधारण सभामा प्रस्तुत गरिने विषयहरुः**

**क. साधारण प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सोको अनुमोदन गर्ने सम्बन्धमा ।
(२) लेखापरीक्षण प्रतिवेदन र आ.व. २०८०।०८१ को वार्षिक आर्थिक विवरण अन्तर्गत २०८१ साल आषाढ मसान्तसम्मको वासलात, २०८० साल श्रावण १ गतेदेखि २०८१ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरुलाई छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
(३) आ.व.२०८१।०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्ताव :**

१. कम्पनीको पूँजी बृद्धी गर्ने सम्बन्धमा ।
२. स्वीकृत प्रबन्ध पत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धमा ।
३. शेयरको सार्वजनिक निश्काशन गर्ने सम्बन्धमा ।
४. शेयरको सार्वजनिक निश्काशन बाट प्राप्त हुने पुंजीको उपयोग गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरुमा

**१४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सूचना प्रकाशन मितिः २०८१/०५/१०, प्रभाव राष्ट्रिय दैनिक**

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौको मिति २०८१/०५/०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १४औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरु**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश तथा सरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा,
६. आ.व. ०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. साधारण सभाको एकाइ प्रतिनिधिहरू र निर्णय प्रमाणित प्रतिनिधि सम्बन्धमा,
८. आ.व. ०८०/८१ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा,
९. उप-निर्वाचन सम्बन्धमा,
१०. विनियम संशोधन सम्बन्धमा,
११. सदस्यता हित योजना संशोधन सम्बन्धमा,
१२. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा,
१३. विशेष प्रस्तावहरु सम्बन्धमा ।

**एकाइका कार्यक्रमहरुः**

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र (सेवा केन्द्र) | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८१।०६।०३ | १ | कुमारीपाटी र सुभू सेवा केन्द्र | बिहान ८:१५ बजे | अग्नी पार्टी प्यालेस, कुमारीपाटी ललितपुर |
| २०८१।०६।०५ | २ | मुख्य कार्यालय र गोठाटार सेवा केन्द्र | बिहान ८:१५ बजे | होटल ए-वान भेन्यु, कोटेश्वर काठमाडौ |

**साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा :**
२०८१/०६/१३ गते, आईतबार बिहान ११:०० बजे, संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर, काठमाडौ

**नोटः**
- संस्थाको १४औं वार्षिक प्रतिवेदन भाद्र २१ गते www.jyotipunja.coop.np मा समेत राखिने छ ।
- सभामा उपस्थित सदस्य महानुभावहरूलाई खाजा तथा परिवहन खर्च स्वरूप रु.७००/- उपलब्ध गरिनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.
मुख्य कार्यालयः नयाँ बानेश्वर, काठमाडौ
फोन नं: ०१-४४९०९८५, ४४९६३१७
Email:info@jyotipunja.coop.np
URL: www.jyotipunja.coop.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०९ | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Womens Clothes Sales / Sales Girl | 0 | 1 | 135 | ५८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## युएई/साउदीमा रोजगार

**कम्पनी : DOMUS INTERIOR CONTRACTING L.L.C**
**शहर : Street 23rd, Tadbeer Excellence Center**

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 309484 | चलानी नं.६०२२४११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpentry | 5 | 0 | 1200 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 4 | 0 | 1200 | ४३,००० | | | | | | | |
| 3 | Tile Layer | 4 | 0 | 1200 | ४३,००० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

**कम्पनीः OPERATIONAL BUSINESS GATE FOR OPERATION & MAINTENANCE CO**

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 309499 | चलानी नं.६०२२४११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 20 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## MAURITIUS मा रोजगार

**कम्पनी : G.S STEEL LTD**
**शहर : Pamplemousse**

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०९ | LT. No.:296973 | चलानी नं.: ६०२१२९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder Grade II | 70 | 0 | 15000 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः**
**युनिभर्सल टेक्निकल इन्सिटिट्युट एण्ड ओरियन्टेसन सेन्टर, वार्ड नं.३, कपन मार्ग, काठमाडौंमा मितिः २०८१ भदौ १७ र १९ गते (2 & 4 Sep. 2024) मा हुनेछ ।**
**मुनाल ट्रेनिङ सेन्टर, इटहरी ४, सुनसरीमा मितिः २०८१ भदौ १८ गते (3 Sep. 2024) मा हुनेछ ।**

**कम्पनी : METASIGN COMPANY LTD**

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०९ | LT. No.:295229 | चलानी नं. :६०२१०२६० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fabricators | 20 | 0 | 16665 | ५०१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder Tig Mig | 19 | 0 | 16665 | ५०१७८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः**
**युनिभर्सल टेक्निकल इन्सिटिट्युट एण्ड ओरियन्टेसन सेन्टर, वार्ड नं.३, कपन मार्ग, काठमाडौंमा मितिः २०८१ भदौ १८ र १९ गते (3 & 4 Sep. 2024) मा हुनेछ ।**
**मुनाल ट्रेनिङ सेन्टर, इटहरी ४, सुनसरीमा मितिः २०८१ भदौ १७ गते (2 Sep. 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## साउदीमा रोजगार

**कम्पनी : MAN ENTERPRISE AL SAUDIA is a one person company**
**शहर : Riyadh**

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309418 | चलानी नं. ६०२२४०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 1 | 0 | 1523 | ५४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company**

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 309419 | चलानी नं. ६०२२४१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Road Maintenance Workers | 40 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३६४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल
फोनः ०२३-४०११५५, इमेलः kanakai.mun@gmail.com

## आन्तरिक आयको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना तथा जानकारी

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०५/१० गते)

कनकाई नगरपालिका अन्तर्गत आ.व. २०८१/८२ को आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार शिलबन्दि दरभाउपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ । शिलबन्दी दरभाउपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम हुनेछ ।

**तपसिल :**

| क्र.स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व.२०८१/८२ को लागि न्यूनतम रकम मु.अ.क सहित (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | शिलवन्दी दरभाउपत्र फाराम शुल्क | दरभाउपत्रको मान्य हुने अवधि | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/2081/82-05 | नगरपालिका क्षेत्रको विज्ञापन कर | ५,६१,०००/- | २०८१ भाद्र २५ गते, मध्यान्ह १२:०० बजे | रु. १,००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन |

१. शिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताहरूले थप जानकारी लिन वा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात हेर्न नगरपालिकाको वेभसाईट www.kanakaimun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



गणेश चतुर्थी उत्सवको पूर्वसन्ध्यामा भारतको मुम्बईस्थित सडकमा हिन्दू देवता 'गणेश'को मूर्तिसहित निकालिएको र्‍यालीमा सहभागी भक्तजनहरू । *तस्बिर : एएफपी*

# अफगानिस्तानी सदाचार कानुनप्रति राष्ट्रसंघको चासो

**काबुल-** अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघीय नियोगले तालिबानले हालै पारित गरेको सदाचारसम्बन्धी कानुनप्रति 'चिन्तित' रहेको बताएको छ । तालिबान अधिकारीहरूले बुधबार इस्लामी कानुनको कडा व्याख्याको आधारमा व्यापक व्यवहार र जीवनशैलीबारे प्रतिबन्धहरूको वर्णन गर्दै ३५ धाराहरू थप गरी कानुनको संशोधन गरेको घोषणा गरेका थिए ।

कानुनमा व्यवस्था भएका धाराहरूको उल्लंघन गरेमा मौखिक चेतावनीदेखि, जरिवाना र हिरासतसम्मको प्रावधानको घोषणा सदाचार मन्त्रालयअन्तर्गतका नैतिकता अधिकारीले गरेका हुन् ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय सहायता नियोग (युएनएएमए) का प्रमुख रोजा ओतुनबायेभाले भने, 'यो अफगानिस्तानको भविष्यका लागि एक कष्टप्रद दृष्टिकोण हो । यहाँ नैतिक निरीक्षकहरूले उल्लंघनको विस्तृत र कहिलेकाहीं अस्पष्ट सूचीको आधारमा कसैलाई धम्की दिने र हिरासतमा राख्ने 'विवेकपरक' अधिकार छ ।'

'दशकौंको युद्धपछि र भयानक मानवीय संकटका बीच अफगानी जनता प्रार्थनाका लागि ढिला भएमा, परिवारको सदस्यभन्दा बाहिरको विपरीत लिंगीलाई हेरेमा वा प्रियजनको फोटो राखेमा कारबाही व्यहोर्ने वा जेल जानुपर्ने छ,' ओटुनबायेभाले भने ।

सन् २०२१ को अगस्टमा तालिबान सत्तामा फर्किएदेखि नै कानुनका धेरै बुँदाहरू अनौपचारिकरूपमा लागू भइसकेका छन् र तालिबानले औपचारिक कानुनी संहितालाई कडाइका साथ लागू गर्ने छ वा गर्ने छैन भन्ने स्पष्ट छैन । 'लैंगिक विभेद' को संज्ञा दिएको प्रतिबन्धका कारण महिलाहरू सार्वजनिक जीवनबाट वञ्चित भएका संयुक्त राष्ट्रसंघले बताएको छ ।

ओतुनबायेभाले भने, 'यो कानुनी संशोधनपछि पहिले नै असहनीय प्रतिबन्धहरू विस्तार गरेको तालिबान प्रशासनद्वारा लगाइएका अफगान महिला र बालिकाहरूको अधिकार, घरबाहिर महिलाको आवाजको अधिकारलाई पनि नैतिक उल्लंघन मानिएको छ ।' कानुनअनुसार महिलाले घरबाट बाहिर निस्कँदा आफ्नो अनुहार र शरीर छोप्नुपर्छ र आफ्नो आवाज नसुनिएको सुनिश्चित गर्नुपर्छ ।

राष्ट्रसंघले कानुनमा धार्मिक र प्रेस स्वतन्त्रतामाथिको प्रतिबन्धप्रति पनि चिन्ता व्यक्त गरेको छ । कानुनमा मिडियाले 'शरिया कानुन र धर्मको प्रतिकूल सामग्री' प्रकाशन गर्न बन्देज लगाएको छ । यद्यपि, कानुनमा केही सकारात्मक धाराहरू पनि समावेश भएका छन् । अनाथ र केटाकेटीलाई खेलौनाको रूपमा व्यवहार गर्नबाट प्रतिबन्ध लगाइएको छ । अफगानिस्तानमा वृद्ध पुरुषहरूले केटाहरूलाई केटीहरूको रूपमा लुगामा सजाएर उनीहरूको यौन शोषण गर्ने गरेको पनि सुनिने गरिएको छ । *रासस/एएफपी*

# दुई छुट्टाछुट्टै बस दुर्घटनामा ३४ को मृत्यु

**रावलपिण्डी-** पाकिस्तानको आजाद पाटन सहरनजिक र मकरान सामुद्रिक तटीय राजमार्गमा आइतबार भएका दुई छुट्टाछुट्टै बस दुर्घटनामा ३४ जनाको मृत्यु भएको पाकिस्तानी प्रहरीले जनाएको छ ।

पञ्जाब प्रान्त र पाकिस्तान प्रशासित काश्मिरको सिमानामा पर्ने आजाद पाटनमा भएको दुर्घटनामा २२ र अर्को एक दुर्घटनामा १२ गरी ३४ जनाको मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ । पञ्जाबको रेस्क्यु ११२२ आपत्कालीन सेवाका प्रवक्ता फारुक अहमदले घटनाको पुष्टि गर्दै भने, 'अहिलेसम्म १५ पुरुष, ६ महिला र एक बच्चासहित २२ जनाको मृत्यु भएको छ ।'

उद्धार सेवाका अर्का प्रवक्ता मोहम्मद उस्मान गुज्जरले गाडी सडकबाट चिप्लिएर एउटा खोल्सामा खसेको बताए । अर्को एक दुर्घटनामा बलुचिस्तानको मकरान सामुद्रिक तटीय राजमार्गमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ ।

'निकै घुम्तीहरू भएको सडकमा तीव्र गतिमा रहेको बसलाई चालकले नियन्त्रणमा लिन नसक्दा बस गहिरो खाल्डोमा खसी भएको र कम्तीमा १२ जनाको मृत्यु भएको हो,' घटनास्थलमा रहेका प्रहरी अधिकारी असलम बंगुलजईले एएफपीलाई बताए । उथल सहरबाट करिब १०० किलोमिटर टाढा र इरानको सीमावर्ती सहर पिशिनबाट ५०० किलोमिटर टाढा रहेको पहाडी क्षेत्रमा सो दुर्घटना भएको हो । इरानमा भएको बस दुर्घटनामा ज्यान गुमाएका २८ जना तीर्थयात्रीको शव स्वदेश ल्याएको एक दिनपछि यो अर्को दुर्घटना भएको हो ।

गत मंगलबार राति इरानको मध्य क्षेत्रमा रहेको याज्द प्रान्तको एक सुरक्षा जाँच केन्द्र अगाडि ५१ जना पाकिस्तानी तीर्थयात्रीलाई लिएर इराक जाँदै गरेको उक्त बस पल्टिएर आगलागी हुँदा २८ जनाको मृत्यु भएको थियो भने अन्य ३० जना घाइते भएका इरानी राष्ट्रिय टेलिभिजनले च्यानलले जनाएका छन् ।

इरानी ट्राफिक प्रहरी प्रमुख तेमुर होसेनीले भिरालो सडकमा बसमा ब्रेक फेल भएपछि बस अनियन्त्रित भई खोल्सामा खसी दुर्घटनाग्रस्त भएको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको बताए । *रासस/एएफपी*

### इजरायल-लेबनान द्वन्द्व

# इजरायलमा ४८ घन्टाका लागि संकटकाल घोषणा





**तेल अभिभ, इजरायल-** लेबनानसँगको बढ्दो तनावका बीच इजरायलले आगामी ४८ घण्टाका लागि संकटकाल घोषणा गरेको छ । इजरायलका रक्षामन्त्री योव ग्यालान्टले संकटकाल घोषणा गरेका छन् र यसले इजरायली रक्षा बल (आइडिएफ) को आन्तरिक मोर्चाको नेतृत्वलाई प्रतिबन्धहरू जारी गर्न सहज हुने छ ।

मन्त्रिपरिषद्ले विस्तार नगरेसम्म यो अवस्था ४८ घण्टाका लागि मान्य हुने छ । इजरायलमा तनाव बढ्दै गएको छ । यस क्षेत्रमा थप जोखिम बढेसँगै इजरायली नागरिकलाई उच्च सतर्कताका रहन भनिएको छ ।

आइतबार बिहान इजरायली डिफेन्स फोर्स (आइडिएफ) का प्रवक्ता रियर एडमिरल डेनियल हागारीले हिजबुल्लाहको आक्रमणको बदलामा इजरायलले दक्षिणी लेबनानमा रहेका लेबनानी नागरिकलाई आक्रमण हुनसक्ने भन्दै सावधानी अपनाउन आफ्ना नागरिकलाई सचेत गराएका छन् ।

एक पत्रकार सम्मेलनमा आइडिएफका प्रवक्ताले भने, 'हिजबुल्लाहले दक्षिणी लेबनानबाट नजिक इजरायली क्षेत्रमा आक्रमण गरिरहेको छ । यसको बदलामा इजरायलले हिजबुल्लाहमाथि आक्रमण गर्ने तयारी गरिरहेको छ । तसर्थ हामी उक्त क्षेत्रमा रहेका लेबनानी नागरिकलाई तुरुन्तै स्थान खाली गर्न आग्रह गरेका छौं ।'

'आइडिएफले इजरायली नागरिकको सुरक्षाका लागि आवश्यक सबै तयारी गरिरहेको छ र गर्ने छ,' उनले भने । गत महिना तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानिया र लेबनानमा हिजबुल्लाह कमाण्डर मारिएपछि इरानले इजरायलसँग बदला लिने चेतावनी दिएको थियो । इरानको सम्भावित आक्रमणविरूद्ध इजरायलले कडा प्रतिशोधको तयारी गरिरहेको छ ।

**हिजबुल्लाहका हजारौं रकेट लञ्चर नस्ट गरेको दाबी**

इजरायली सेनाले आफ्नो लडाकु विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लञ्चरलाई लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको छ ।

'करिब १०० आइएएफ लडाकु विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ,' इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए ।

इजरायली सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल नदाव शोशानीले भने, 'हिजबुल्लाले उत्तरी इजरायलतर्फ सयौं रकेट र युएभी प्रहार गरेको छ । हिजबुल्लाहबाट भएको आक्रमण योजनाबद्ध रूपमा गरिएको ठूलो आक्रमण योजनाको एक हिस्सा थियो र हामी आज बिहान यसको ठूलो मात्रालाई विफल पार्न सफल भयौं ।' हिजबुल्लाहले के लक्षित गरेको थियो भन्ने जानकारी दिन भने उनले अस्वीकार गरे ।

'हामी अहिले आक्रमणपछिको अवस्थाको आकलन गरिरहेका छौं । अझै पनि केही आक्रमणहरू भइरहेका छन्,' शोशानीले भने, 'आक्रमणबाट त्यहाँ सामान्य क्षति भएको छ ।'

शोशानीले हिजबुल्लाहमाथि आइतबार भएको आक्रमणमा अमेरिकासहित इजरायलका साझेदारले भाग नलिएको बताए । उनले भने, 'आइतबार बिहान इजरायलीतर्फबाट केही कारबाही भएका छन् ।' *एएफपी/एएनआई*

# भेनेजुएलाको राजनीतिक संकटप्रति इयूद्वारा चासो व्यक्त

**ब्रसेल्स-** युरोपेली संघ (इयू) का विदेश नीति प्रमुख जोसेप बोरेलले भेनेजुएलामा गहिरिँदै गएको राजनीतिक संकटप्रति आफूहरू 'अत्यन्त चिन्तित' रहेको बताएका छन् ।

बोरेलले भने, 'काराकासले अझै पनि चुनावी प्रक्रियाको मूल्यांकन गर्न आवश्यक प्रमाण उपलब्ध गराएको छैन । विपक्षीले आफ्नो उम्मेदवारले जित हासिल गरेको दाबी गर्दै आएका छन् ।'

इयूका उच्च कूटनीतिज्ञले भने, 'पूर्ण र स्वतन्त्ररूपमा प्रमाणित गर्न सकिने नतिजालाई मात्र स्वीकार र मान्यता दिइने छ ।'

बोरेलका अनुसार मतदान केन्द्रको केही रेकर्डअनुसार विपक्षी नेता एडमण्डो गोञ्जालेज उरुटिया राष्ट्रपति चुनावमा महत्त्वपूर्ण बहुमतका साथ विजयी भएको देखिन्छ । उनले भेनेजुएलाका जनताको इच्छाको सम्मान सुनिश्चित गर्न मतदान केन्द्रको रेकर्ड पूर्णरूपमा प्रकाशन गर्न आग्रह गरे ।

यसैबीच, देशका शक्तिशाली नेता निकोलस मडुरोले गोञ्जालेज उरुटियालाई पक्राउ गर्न निर्देशन दिएका छन् । जुलाई ३० मा विपक्षी समूहले भव्य जुलुस निकालेपछि उरूटिया सार्वजनिकरूपमा देखिएका छैनन् । अभियोजकहरूले उनलाई शनिबार सोधपुछका लागि बोलाएका थिए ।

जुलाई २८ मा भएको मतदान विवादित भएपछि भएको प्रदर्शनमा २७ जनाको मृत्यु भएको थियो भने १९२ जना घाइते भएका थिए । मतदानका क्रममा भएका झडपका क्रममा करिब दुई हजार ४०० व्यक्ति पक्राउ परेका थिए । *रासस/एएफपी*

# अमेरिकासँगको वार्तामा ताइवान र सुरक्षाबारे 'गम्भीर चासो' व्यक्त गर्ने चीनको भनाइ

**बेइजिङ-** अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले आगामी अगस्ट २७ देखि २९ सम्म गर्ने चीन भ्रमणमा चीनले आफ्नो चासोका बिषयलाई गम्भीररूपमा राख्ने बताएको छ ।

संयुक्त राज्य अमेरिकासँगको आगामी वार्तामा ताइवान र अन्य सुरक्षा विषयमा 'गम्भीर चिन्ता' व्यक्त गर्ने चीनको योजना रहेको चीनको राष्ट्रिय सञ्चारमाध्यमले आइतबार जनाएका छन् । विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै सरकारी प्रसारक सिसिटिभीले भनेको छ, 'वार्तालाई चीनले ताइवान मुद्दा, विकासको अधिकार र चीनको रणनीतिक सुरक्षाका सम्बन्धमा कडा माग गर्न प्रयोग गर्ने छ ।'

सुलिभानले नोभेम्बरमा हुने अमेरिकी चुनावअघि तनाव व्यवस्थापनका लागि चीनका विदेशमन्त्री वाङ यीसँग भेटवार्ता गर्ने छ । सन् २०१६ पछि अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकारको यो पहिलो चीन भ्रमण हो, यद्यपि विदेशमन्त्री एन्टोनी ब्लिन्केनलगायत अन्य वरिष्ठ अधिकारीहरूले विगत दुई वर्षमा चीनको भ्रमण गरेका छन् ।

'ताइवान मुद्दा अमेरिका-चीन सम्बन्धमा विवादको पहिलो रातो रेखा हो र 'ताइवानको स्वतन्त्रता' ताइवान स्टेटमा शान्ति र स्थिरताका लागि सबैभन्दा ठूलो खतरा हो,' सिसिटिभीले भनेको छ, 'अमेरिकाले एक चीन सिद्धान्त र तीन संयुक्त विज्ञप्ति र फरक-फरक समयमा गरिएका अमेरिका-चीनबीच भएका सहमति पालना गर्नुपर्छ र ताइवानको स्वतन्त्रतालाई समर्थन नगर्ने आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्छ ।'

बेइजिङ र वासिङ्टनबीच हालैका वर्षहरूमा स्वशासित टापु ताइवान र मानवअधिकार, व्यापार र दक्षिण चीन सागरजस्ता अन्य फ्ल्यासप्वाइन्ट मुद्दाहरूलाई लिएर विवाद बढेको छ । गत नोभेम्बरमा सान फ्रान्सिस्कोमा अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका समकक्षी सी चिनफिङबीच भएको वार्तापछि दुई देशबीचको सम्बन्ध केही हदसम्म स्थिर भएको छ ।

सन् २०२२ मा तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवानको भ्रमण गरेपछि चीनले युद्धपोत, क्षेप्यास्त्र र लडाकु विमानसहितको ताइवानमा अहिलेसम्मकै सबैभन्दा ठूलो सैन्य अभ्यास गरेको थियो । *रासस/एएफपी*


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०५/१० गते**

दमक नगरपालिकाबाट मिति २०८१/०३/२६ मा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरूका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/BUILDING/58/080-081 | Construction of Saraswati School Building Phase II, Damak 9 | Aanjelina Construction and suppliers PVT LTD | 2998456.05 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १५२४०० | प्रति तोला - - | प्रति तोला - १८५० |



**मौरीको हेरचाह** | दाङको घोराही उपमहानगरपालिका-६ भैसकुर्माका पुर्णबहादुर रोका मगर र घोराही-१४ का इन्द्र जिएमले संयुक्त व्यावसायिकरूपमा पालेका मौरी चरनका लागि घोराही उपमहानगरपालिका-१८ स्थित कटुवाखोला किनारमा स्याहार गर्दै । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# शीतभण्डार निर्माण अधुरै किसानको उत्पादन खेर जाँदै

■ अरुणकुमार यादव



**राजविराज (सप्तरी)**– सप्तरीमा शीतभण्डार निर्माण अधुरै रहेको छ । उक्त भवन निर्माण नहुँदा बर्सेनि किसानले उत्पादन गरेको तरकारी र फलफूल खेर जाने गरेको छ ।

सप्तरीको राजविराज नगरपालिका-१५ देउरी भरुवामा २०७५ पुसमा शीतभण्डार निर्माण कार्य सुरु भएको थियो । तीन हजार मेट्रिक टन क्षमता भएको उक्त सहकारी शीतभण्डार निर्माण समयमै निर्माण सम्पन्न नहुँका जिल्लाका किसान मारमा परेका छन् । झण्डै २८ करोड रूपैयाँ लागतको शीतभण्डार निर्माण कार्य २०७८ सालदेखि रोकिएको छ ।

बजेट अभावका कारण शीतभण्डार निर्माण कार्य बीचमै रोकिएको जिल्ला सहकारी संघ सप्तरीका प्रबन्धक रमेशप्रसाद गुप्ताले जानकारी दिए । शीतभण्डार निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट छ करोड ३६ लाख रूपैयाँ उपलब्ध भएको उनले बताए । 'संघीय सरकारले १० करोड ७५ लाख रूपैयाँ उपलबध गराउन बाँकी नै छ, रकम अभावले निर्माणको जिम्मा लिएको कम्पनीले काम गर्न छाडेको छ ।'

स्वीकृत कार्यक्रमअनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग थप बजेट उपलब्ध गराउन पटक-पटक माग गर्दै आएको प्रबन्धक गुप्ता बताउँछन् । सोअन्तर्गत नवलपरासी र सप्तरीमा एकसाथ सहकारी शीतभण्डार निर्माण थालिएको थियो । नवलपरासीमा भने यसअघि नै शीतभण्डार निर्माण भएर प्रयोगमासमेत आइसकेको उनको भनाइ छ । संघीय सरकारको ६० प्रतिशत अनुदान, संघ संस्थाहरूको २० प्रतिशत तथा स्थानीय र प्रदेश सरकारको २० प्रतिशत अनुदानमा डेढ कट्ठा जग्गामा उक्त शीतभण्डार निर्माण गर्न थालिएको हो ।

शीतभण्डार अभावले केरा, आँप, आलु, प्याज, लसुनलगायत उत्पादन खेर जाने गरेको छ । किसानले जिल्लाबाहेक अन्य ठाउँमा लगेर आफ्नो उत्पादन बिक्री गर्न सकिरहेका छैनन् । 'शीतभण्डार नहुँदा उत्पादन सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ, बिक्री नहुँदा उत्पादन त्यसै खेर जाने गरेको किसानको गुनासो छ,' प्रबन्धक गुप्ताले भने । बेमौसममा भने किसानले तरकारी र फलफूल महँगोमा किनेर खान बाध्य भएका उनको भनाइ छ ।

स्थानीय किसानले उत्पादन गरेको फलफूल र तरकारी सहकारीमार्फत शीतभण्डारमा भण्डारण गर्ने योजनाका साथ सो शीतभण्डार निर्माण कार्य अघि बढाइएको प्रबन्धक गुप्ता बताउँछन् । 'अहिले उत्पान खेर गइरहेको छ, सुरक्षित साथ राख्न सकिएको छैन,' उनले भने, 'शीतभण्डारको सुविधा भएको खण्डमा बिक्री गर्न नसकिएको तरकारी र फलफूल लामो समयसम्म राख्न सकिन्छ, किसानले अत्यधिक लाभ लिनसक्ने अवस्था बन्थ्यो ।'

प्रबन्धक गुप्ताका अनुसार मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा उक्त सहकारी शीतभण्डार निर्माणका आठ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । तर, हालसम्म सो रकम भने प्राप्त हुन नसकेको उनको भनाइ छ । चाडो निर्माण कार्य सुरु गर्नुपर्नेमा जोड दिँदै उनले जिल्लामा उत्पादित कृषि उपज भण्डार गर्न शीतभण्डार नभई नहुने बताए ।

शीतभण्डार निर्माणको जिम्मा पाएको शर्मा आशिष ओम साइराम, सानोठिमीले बजेट अभावकै कारण समयमै निर्माण सम्पन्न गर्न नसकिएको जनाएको छ । 'यसअघि काम गरेको तीन करोड ५७ लाख रूपैयाँ प्राप्त गर्न बाँकी छ,' सो निर्माण कम्पनीका प्रतिनिधि सञ्जयकुमार मिश्रले भने । आर्थिक वर्ष २०७७/७८ मा काम गरेको बिल पेस गरे पनि त्यसको सुनवाइ नभएको उनको भनाइ छ । *रासस*

# पर्यटक लोभ्याउने 'ढोरपाटन बुकी'



■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)**– अग्ला पहाडको शिरमा टक्क अडिएका समथर भू-भाग । कतै भिराला डाँडा, त कतै खोल्साखोल्सी । चारैतिर हरियाली । उत्तरतिर हेताम्य हिमाल । टाढा-टाढा छरिएर रहेका भेडीगोठ । भेडा र बाख्राका बथानले ढपक्क ढाकिएको बुकी हेर्न हजारौं पर्यटक लालायित छन् । ढोरपाटनको बुकी हिजोआज चर्चामा छ । एक दशक अगाडिसम्म बर्खामा भेडा र भेडीगोठले भरिने बुकी क्षेत्र अहिले पर्यटकको चहलपहल बढ्न थालेको हो ।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन यसै पनि चर्चित छ । त्यसमाथि आन्तरिक तथा बाह्य पर्यटकको बढ्दो आगमनले यसको प्रचारले व्यापकता पाएको हो । प्राकृतिक सुन्दरताले परिपूर्ण ढोरपाटनमा धेरैको रोजाइमा परेको छ । ढोरपाटनसँगै पछिल्लो समय बुकी पनि पर्यटक आकर्षणको केन्द्र बन्दै गएको छ । गत वर्षसम्म बुकी जाने पर्यटक निकै कम थिए ।

बुकी पुगेका पर्यटकले त्यहाँको भिडियो तथा तस्बिर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा फैलाएपछि भाइरल बन्यो । अहिले ढोरपाटन पुग्ने पर्यटक बुकीमा पुग्न चाहन्छन् । दशक अगाडिदेखि नै ढोरपाटन उपत्यका क्षेत्रमा फाट्टफुट्ट पर्यटक पुगे पनि अहिले बर्सेनि हजारौंको संख्यामा आउने गरेका छन् । ढोरपाटन उपत्यका समुद्री सतहदेखि करिब २९ सय मिटरको उचाइ पर्छ । ढोरपाटन उपत्यकादेखि बुकी पुग्न पैदल यात्रा गर्नुपर्छ । पैदलयात्रामार्फत बुकीमा तीनदेखि पाँच घण्टामा पुग्न सकिन्छ । २९ सयदेखि ४५ सय मिटरको उचाइमा रहेको बुकी क्षेत्र गोठालाको बासस्थान हो । यहाँ सयौंको संख्यामा गोठालाहरू अस्थायी गोठ बनाएर बसेका हुन्छन् । उनीहरूको हजारौं भेडाबाख्रा, गाईभैंसी हुन्छन् ।

बर्खाको समयमा बढी चहलपहल हुने बुकी क्षेत्र हिउँदमा भने सुनसान हुन्छ । बर्खायाममा बुकी पुग्ने पर्यटकले हरियाली उच्च पहाड, पाटन, खर्क, दर्जनौं हिमशृंखलाको दृश्यावलकन गर्न सक्छन् भने नजिकबाट गोठालाको जनजीवन अनुभूति गर्न सक्छन् । बागलुङको उच्च पहाडी क्षेत्र पर्ने बुकी निकै मनमोहक छ । प्रचारप्रसारको अभावमा ओझेलमा परेको बुकी पछिल्लो समय पर्यटक पुग्न थालेपछि व्यापक प्रचार हुन थालेको छ । त्यसले गर्दा एकै महिनामा सयौं आन्तरिक पर्यटक बुकी चढ्ने गरेको ढोरपाटन नगरपालिका-९ का व्यवसायी सन्देश थापाले बताए । गत असारदेखि हालसम्म ८० समूहका करिब ५०० पर्यटकलाई आफूले मात्रै बुकीमा बास दिएको उनको भनाइ छ ।

बुकीमा गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायत थुप्रै ठाउँ पर्छन् । बुकी पुग्ने पर्यटक गोठालाको गोठमा बास बसेर फर्किने गरेका छन् । यस वर्षदेखि बुकी पुग्ने पर्यटकका लागि लक्षित आफूले गोठस्टे (गोठबास) सञ्चालन गरेको उनको भनाइ छ । बुकीमा टाढा-टाढाबाट पर्यटकहरू पुग्ने र त्यहाँ बास बस्नका र खानाको व्यवस्था नभएको हुँदा गत असार २९ गतेदेखि गोठस्टे सञ्चालन गरेको थापा बताउँछन् । बुकी पुग्ने पर्यटकले हरिया पाटनहरू, गोठलो जीवन, धौलागिरि, माछापुच्छ्रे, पुठा हिमचुली, चुरेन, गुर्जा अन्नपूर्ण हिमशृंखला अवलोन गर्न सक्ने उनको भनाइ छ । बुकी चढ्ने सिजन जेठदेखि कात्तिक पहिलो साता भएको थापा बताउँछन् ।

थापाले भने, 'बुकी त ढोरपाटनवासीको पशु चरन क्षेत्र हो, यो ठाउँ निकै मनोरम छ, अहिल जति पनि ढोरपाटन उपत्यकामा पर्यटक आउनुहुन्छ, उहाँहरूले यहाँको कुनै महसुस गर्न सक्नुभएको छैन, ढोरपाटन घुम्ने र रम्ने हो भने बुकीमा एकपटक पुग्नैपर्छ, गत वर्षसम्म त खासै मान्छे आउँदैनथे, फाट्टफुट्ट आएका पर्यटकले 'भिडियो' र फोटो खिचेर जानुभयो, ती भिडियो र फोटो भाइरल भएपछि अहिले बुकीमा आउने मान्छेको चाप बढेको छ ।'

कात्तिकदेखि चिसो बढ्ने हुँदा जेठसम्म बुकी सुनसान हुन्छ । गोठाला पनि बेँसी झर्ने हुँदा पर्यटक पनि बुकी उक्लिदैनन् । ढोरपाटन उपत्यका होटल व्यवसायी संघका अध्यक्ष जीवन पुनले ढोरपाटन आउने पर्यटकको रोजाइमा बुकी पर्न थालेको बताए । पाँच वर्षदेखि ढोरपाटन उपत्यकामा आउने पर्यटकको संख्या बढेको भन्दै पोहोर सालदेखि त बुकीमासमेत जान थालेको उनको भनाइ छ । बुकी चढ्ने पर्यटकलाई लेक लाग्ने हुँदा आफूहरूले प्राथमिक उपचारका विधि सिकाउने र बेँसीबाट आएकाहरूलाई एकैपटक बुकी नचढ्न सुझाउने गरेको पुन बताउँछन् । यसै बर्खा लागे सयौंको संख्यामा पर्यटक बुकी उक्लिएको उनको भनाइ छ ।

'बुकीमा यति धेरै पर्यटक जालान् भन्ने लागेको थिएन तर नपत्याउँदो तरिकाले पर्यटक दिनदिनै बुकी उक्लिएको पाएका छौं, शुक्रबार र शनिबार सबैभन्दा बढी पर्यटक बुकी जान्छन्, बुकी घुम्न र रमाउनका लागि निकै सुन्दर छ तर त्यहाँ जाँदा धेरै कुरामा ख्याल राख्नुपर्छ,' अध्यक्ष पुनले भने, 'चार/पाँच घण्टा यात्रा गर्नुपर्छ, यात्रा गर्दा लेक पनि लाग्न सक्छ, अति आवश्यक सामानहरू छुटाउनु हुँदैन, अब ढोरपाटन उपत्यकामा आउने धेरै पर्यटक बुकी पुग्ने देखियो, हामीहरूलाई पनि पर्यटकको आगमनले धेरै खुसी बनाएको छ ।'

गलकोटबाट घुम्न आएकी समिता अर्गेजाले बुकी मनमोहक रहेको बताइन् । *रासस*

# महिला उद्यमीबाट उत्पादित सामग्रीको बिक्री तथा प्रदर्शनी



**नुवाकोट (प्रस)**- तीज पर्वका अवसरमा नुवाकोट उद्योग वाणिज्य संघले 'महिला उद्यमीले उत्पादन गरेको कृषि उब्जनी तथा हस्तकलाका सामग्री बिक्री तथा प्रदर्शनी'मा राखेको छ ।

तीज विशेष कार्यक्रमसहित जिल्लाका किसान तथा उद्यमी महिलाले तयार गरेको स्थानीय उत्पादनलाई शनिबारदेखि प्रदर्शनी तथा बिक्रीकक्षमार्फत उद्यमी र उपभोक्तालाई लाभ पुग्ने कार्यक्रम सञ्चालनमा ल्याएको संघका सचिव मधुसुदन थपलियाले जानकारी दिए ।

उनका अनुसार तीज पर्व सुरु हुनुभन्दा धेरै अघिदेखि भड्किला तथा विकृति फैलाउने कार्यक्रम आयोजना हुने गरेकामा वाणिज्य संघले पहिलोपटक बिक्री तथा प्रदर्शनी आयोजना गरेको हो । यसबाट उद्यमी र उपभोक्ता दुवै पक्षलाई लाभ पुगेको छ ।

'प्रदर्शनीमा तरकारी र मसालेदार बाली उपभोक्ताको रोजाइमा परेको छ,' सचिव थपलियाले भने, 'हस्तकला तथा साना घरेलु उद्योगमा उत्पादित ढाकाबाट बुनेका कपडा, सरसफाइलगायत दैनिक जनजीवनमा प्रयोग हुने सामग्रीको कारोबार उत्साहजनक छ ।'

सहुलियत शुल्कमा स्थानीय उत्पादनका सामग्री ताजा र सहुलियत शुल्कमा उपलब्धताले उद्यमीलाई प्रोत्साहन र उपभोक्तालाई फाइदा पुगेको विदुर नगरपालिका-२ शेरार्का सरस्वती अधिकारीले बताइन् । तीजका बाहनामा हुने भड्किला कार्यक्रमको साटो महिला उद्यमीलाई प्रोत्साहन र उपभोक्तालाई सहुलियत शुल्कमा गुणस्तरीय सामग्री उपभोगको अवसर मिलेकाले आगामी दिनमा यस्तै रचनात्मक कार्यलाई निरन्तरता दिनुपर्ने उनको सुझाव छ ।

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

**सरकारी निकायले विज्ञापन गर्दा :**

- सञ्चारमाध्यमको विलको आधारमा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चार माध्यमको विलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा मात्र भुक्तानी गरौं ।
- सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चार माध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ